Baha Occasional Papers
7

# सम्पदा व्यवस्थापनको ६० वर्ष
## नेपाली राज्य र गैर-राज्यको अग्रसरता

रमेश राई

सोशल साइन्स बहाः
SOCIAL SCIENCE BAHA

# सम्पदा व्यवस्थापनको ६० वर्ष

यो पाना जानीजानी खाली छोडिएको हो ।

Baha Occasional Papers
7

# सम्पदा व्यवस्थापनको ६० वर्ष
## नेपाली राज्य र गैर–राज्यको अग्रसरता

रमेश राई

सोशल साइन्स बहाः
SOCIAL SCIENCE BAHA
हिमाल किताब

Occasional Papers Series editor: Deepak Thapa

© रमेश राई, २०१५

ISBN: 978 9937 597 26 5

प्रथम संस्करण: सन् २०१५

सोसल साइन्स बहा:का लागि हिमाल किताबद्वारा प्रकाशित

**सोसल साइन्स बहा:**
३४५ रामचन्द्र मार्ग, बत्तीसपुतली, काठमाडौं - ९, नेपाल
फोन: ४४७२८०७
info@soscbaha.org • www.soscbaha.org

**हिमाल किताब प्रा.लि.**
५२१ नारायणगोपाल सडक, लाजिम्पाट, काठमाडौं - २
पो.ब.नं. ४२४९, गोश्वारा हुलाक, काठमाडौं, नेपाल
फोन: ४४२२७९४
info@himalbooks.com • www.himalbooks.com

मूल्य रु. १००/-

# विषयसूची


विषय प्रवेश १

परिचय ३

राज्य नियन्त्रित व्यवस्थापन अग्रसरता ११

पञ्चायतको तीस वर्ष (संवत् २०१७ देखि २०४६ सम्म) १७

प्रजातन्त्रकाल (२०४६ सालपछि) २७

पाटन दरबार क्षेत्र केन्द्रित व्यवस्थापन प्रयास ३४

निष्कर्ष ४८

सन्दर्भसामग्री ५०

यो पाना जानीजानी खाली छोडिएको हो ।

# विषय प्रवेश

वि.सं. २००७ सालको राजनीतिक परिवर्तनले नेपालमा खुलापनको ढोका उघाऱ्यो। राजनीतिक परिवर्तनले गर्दा नेपालमा खुला रूपको पुँजीवाद मात्र प्रवेश गरेन विभिन्न तहमा समाजलाई जागृत गराउने उदारपन पनि भित्रियो। यो सकारात्मक पक्ष थियो। संवत् २००७ मा प्राप्त आंशिक राजनीतिक स्वतन्त्रताले समाजका विभिन्न तह र परतमा बसाइँसराइलाई सघन पारेको थियो।

सन् १८४६ देखि १९५१ सम्म काठमाडौं उपत्यकामा बसाइँ सरेर आउन शासकहरूले कडाइ गरेका थिए। तर, सन् १९५१ (२००७) सालपछि काठमाडौं र ललितपुरको शहरी विस्तारले गति लियो र यसले प्राकृतिक समायोजनका लागि बनेका सामाजिक सिद्धान्तहरू पनि भत्किए (तिवारी सन् १९९९)। उपत्यका र त्यसमा पनि पाटनको मौलिक सांस्कृतिक स्वरूपलाई बिगार्नमा असंख्य ऐतिहासिक, राजनैतिक, आर्थिक र जनसांख्यिक कारणहरू जिम्मेवार छन् (श्रेष्ठ २०४९)। राणा शासनको अन्त्य पश्चात् बाहिरी संसारका लागि नेपाल खुला गरिएपछि मात्रै उपत्यकामा परिवर्तन आउन थाल्यो। शुरुमा परिवर्तनको गति धिमा थियो तर शहरमा बाहिरको सामाजिक र आर्थिक प्रभाव बढ्दै गएपछि परिवर्तनको गति तीव्र हुँदै गयो र बेढंगको आधुनिकीकरण भयो (श्रेष्ठ २०४९)।

सन् १९५१ अघिको काठमाडौं उपत्यकाको ढाँचा दुई हजार वर्षसम्मको सांस्कृतिक एकीकरणको उपज थियो। सन् १९५१ मा राणा शासनको पतनपछि उपत्यकामा आएको सांस्कृतिक परिवर्तन ज्यादै शक्तिशाली भयो र पन्ध्रौं शताब्दीमा जगेर्ना भएको नगर संस्कृति नष्ट हुन चार दशक पनि लागेन (तिवारी २०४९)। सन् १९५१ यता उपत्यकामा बसोवास विस्तारको प्रकृति, स्तर र गतिले गर्दा यहाँका शहरहरूको धार्मिक-सांस्कृतिक विघटन हुन पुग्यो। काठमाडौं, पाटन र भक्तपुरको बेग्लाबेग्लै किसिमको भौतिक विस्तारका कारण शहरभित्र र बाहिर दुवैमा गम्भीर चाप बढेको छ (तिवारी २०४९)। तिवारीको

तर्कअनुसार २००७ सालको परिवर्तनले उपत्यकामा मानव चाप बढ्यो र त्यसले गर्दा सम्पदा उपयोगको सघनता पनि बढ्यो तर संरक्षणमा ध्यान पुगेन ।

सन् १९५० को दशकसम्म काठमाडौं उपत्यकाको शहरी स्वरूपमा कुनै खास परिवर्तन आएको थिएन । अर्थात् मल्लकालीन काठमाडौं उपत्यकामा शहरी वास्तुकलाको जुन उत्कृष्टता थियो त्यो सन् १९५१ सम्म जोगिदै आएको थियो (शाक्य २०५३) । सदियौंदेखि जोगिदै आएको उपत्यकाको वास्तुकलाका आधारहरू सन् १९५० पछि क्रमश: क्षीण हुँदै गए। सन् १९५० को राजनीतिक परिवर्तनपछि देशमा अन्ध आधुनिकीकरणलाई प्रश्रय दिइयो र राज्य स्तरबाट उपत्यकाको मौलिक वास्तुकलालाई संरक्षण गर्नेतर्फ ध्यान दिइएन (शाक्य २०५३) । श्रेष्ठ, तिवारी र शाक्यका तर्क अनुसार २००७ सालको राजनीतिक परिवर्तनपछि उपत्यकाको बस्तीमा पनि परिवर्तन आयो र यसले सांस्कृतिक सम्पदा र त्यसले ओगटेको खुला स्थलको उपयोगमा चाप बढ्यो। उपत्यकाका बस्ती र सम्पदाको अध्ययनका लागि २००७ साल मानक बिन्दु हो। त्यसैले सांस्कृतिक सम्पदा संरक्षणमा राज्यले २००७ सालपछि अख्तियार गरेका नीति, कार्यक्रम र अग्रसरता सम्बन्धी यो अनुसन्धान गरिएको हो ।

# परिचय

यस लेखले उठाएको मूल विषय काठमाडौं उपत्यकाका तीन दरबार क्षेत्रलाई 'सार्वजनिक स्थल'का रूपमा भन्दा बढी सांस्कृतिक धरोहर भनेर संरक्षणमा ध्यान दिइयो। संरक्षण एउटा पाटो हो तर संरक्षणको अवधारणाभित्र दरबार क्षेत्र 'सार्वजनिक स्थल' हो भन्ने स्वीकार गरिएन र उक्त क्षेत्रको 'उपयोग र सिर्जना'ले कम प्राथमिकता पायो। राज्यका संरक्षण नीतिले भौतिक संरचनालाई मात्र सम्बोधन गर्न सकेको छ। यसले स्थानीय समुदायलाई संरक्षणसँग जोड्न सकेन र सांस्कृतिक सम्पदाको संरक्षण बोझ बन्न पुग्यो। संरक्षणलाई व्यवस्थापनको रूपमा बुझ्ने हो भने यसमा सम्पदा र स्थानीय समुदाय जोडिन सक्छन्। त्यसैले यस लेखमा राज्य र गैर-राज्यको तहमा भए/गरेका प्रयत्नलाई व्यवस्थापनको कसीमा विश्लेषण गरिएको छ। पाटन दरबार क्षेत्रलाई नमुना लिएर नेपालमा विगत ६० वर्षमा भएका सम्पदा व्यवस्थापनका अभ्यास र अग्रसरताबारे चर्चा र विवेचना गरिएको छ।

२००७ सालपछि सम्पदा व्यवस्थापनमा राज्य र गैर-राज्यको संलग्नताबारे चर्चा गरिए पनि यी सम्पदाहरू 'सार्वजनिक स्थल'का रूपमा सार्वजनिक 'उपयोग र सिर्जना'सँग कसरी जोडिएका छन्? भन्ने प्रश्नमा यो पुस्तिका केन्द्रित छ। यहाँ सबै खण्डहरूमा 'सार्वजनिक स्थल' र त्यसको व्यवस्थापनमा राज्य, गैर-राज्य तथा नागरिकको तहमा हुने वा भएका प्रयासलाई प्रस्तुत गरिएको छ। काठमाडौं उपत्यकामा रहेका ऐतिहासिक सम्पदा क्षेत्रलाई शहरी 'सार्वजनिक स्थल'का रूपमा व्यवस्थापन, उपयोग र सिर्जना गरी तीनओटा पक्षमा छलफल गरिएको छ अनि यसले काठमाडौंका शहरी 'सार्वजनिक स्थल' सम्बन्धी विगत र वर्तमानका विवरण र विश्लेषण प्रस्तुत गरेको छ।

लेखको दोस्रो खण्डमा सार्वजनिक स्थल सम्बन्धी सैद्धान्तिक बहसलाई स्थान दिइएको छ। यस खण्डमा 'सम्पदा व्यवस्थापन'को सार्वजनिक अर्थबारे विवेचना

तथा व्यवस्थापनलाई कसरी बुझ्ने भनेर निक्र्यौल गरिएको छ। तेस्रो खण्डमा दरबार क्षेत्रको सार्वजनिक उपयोगका सम्बन्धमा ऐतिहासिक तथ्यका आधारमा चर्चा गरिएको छ । यसमा दरबार क्षेत्रलाई स्थानीय समुदायले 'सार्वजनिक स्थल'का रूपमा गर्ने उपयोग सम्बन्धी व्याख्या समेटिएको छ। चौथो खण्डमा राज्यले सांस्कृतिक सम्पदा संरक्षणका लागि निर्माण गरेका संरचना, नीति तथा कार्यक्रम र अग्रसरतालाई तीनओटा समयावधिमा विभाजन गरेर चर्चा गरिएको छ। पहिलो चरणमा २००७ देखि २०१७ सालसम्म, दोस्रो चरणमा पञ्चायती व्यवस्थाको तीस वर्ष र तेस्रो चरणमा २०४६ सालको राजनीतिक परिवर्तनपछि भएका प्रयास र गतिविधिलाई समेटेर व्याख्या गरिएको छ। यस खण्डमा नेपालले राज्यको हैसियतमा गरेका प्रयत्नहरू समावेश छन् । पाँचौं खण्डमा पाटन दरबार क्षेत्र केन्द्रित प्रयासहरूलाई व्याख्या गरिएको छ। राज्य र गैर-राज्यको तहमा भएका प्रयत्नहरूलाई लिएर छलफल गरिएको छ। छैटौं खण्डमा दरबार क्षेत्रभित्रको खुला स्थललाई नागरिकले कसरी उपयोग र अभ्यास गरिरहेका छन् भन्ने विषयमा चर्चा गरिएको छ। अन्त्यमा यस लेखमा गर्न खोजिएको तर्क, सूचना र विश्लेषणका आधारमा एउटा निष्कर्ष प्रस्तुत गरिएको छ।

## सार्वजनिक स्थल र व्यवस्थापन सम्बन्धी बुझाइ

नेपालमा सार्वजनिक स्थल सम्बन्धी बहस र छलफल निकै कम भएका छन्। संवत् २००७ सालमा आएको नगर पञ्चायत ऐनले 'सार्वजनिक स्थल' भन्ने पदावलीको प्रयोग नगरे पनि यसका केही प्रावधानहरूले सार्वजनिक स्थललाई नगर पञ्चायतको क्षेत्राधिकार भनेर तोकेको छ। २००६ चैत २७ गते तयार भएको ऐनको बुँदा नं. (३४)मा नगरपञ्चायतले गर्नुपर्ने कामका बारेमा लेखिएको छ। यसको बुँदा नं. ३४(झ)ले आफ्ना मातहतका धर्मशाला, पाटीपौवा र नयाँ धर्मशाला, पाटीपौवाको बन्दोबस्त हेरचाह गर्ने व्यवस्था गरेको छ। बुँदा नं. (३८)मा नगरपञ्चायतले गरे वा गराए हुने काम भनेर नगरपञ्चायतको इलाकाभित्र अजायबघर, चिडियाखाना, कलाखाना, धर्मशाला, पुस्तकालय, विश्रामगृह, स्नानगृह खडा गर्ने र आफूले खडा गरेका वा आफ्नो जिम्मामा रहेका यस्ता सम्पदाको बन्दोबस्त गर्ने, सर्वसाधारणलाई उपयोगी तलाउ, पोखरी, इनार, बाँध, कुलो, हावा खाने र विश्राम गर्ने पार्क, फूलबारी, मैदान बनाउने वा राख्ने व्यवस्था गरिएको छ। यस ऐनले नगर वा शहरमा बस्ने

नागरिकका लागि खुला ठाउँ आवश्यक छ भन्ने कुरा स्वीकार गर्दै त्यसको व्यवस्थापन नगर पञ्चायतले गर्ने परिकल्पना गरेको छ । यो ऐन नेपालमा खुला स्थल निर्माण वा व्यवस्थापनका लागि राज्यले देखाएको अग्रसरताको पहिलो नमुना हो ।

खुला स्थल वा सार्वजनिक स्थलभन्दा पहिले 'स्थान'/'स्थल' वा 'स्पेस'बारे स्पष्ट हुनु जरुरी छ । स्पेस प्रथमत: प्राकृतिक अवस्थिति हो, तोकिएको वा निश्चित गरिएको क्षेत्र हो, सँगसँगै स्वतन्त्र अस्तित्व र मानसिक/मनोवैज्ञानिक अभिव्यक्ति पनि हो। 'स्पेस' भौगोलिक प्रतिक्रिया हुने क्षेत्र र सामाजिक कार्यहरू जोडिएर बनेका दुवै प्रकारका हुन्छन् (Carless 2009)। साण्ड्रिया फ्रेइटागले औपनिवेशिक उत्तर भारतको साम्प्रदायिकता वा स्थानीय स्वराजको सिद्धान्त सम्बन्धी अध्ययनका क्रममा सामुदायिक महत्त्व र प्रतीकात्मक गतिविधिलाई 'पब्लिक एरिनाज्' भनेका छन्। विद्रोह वा अशान्ति मच्चाउने तथा सांस्कृतिक गतिविधि दुवैले 'कम्युनल' वा साम्प्रदायिक पहिचान निर्माण गर्दछ, यसका लागि एकत्र हुने ठाउँ 'पब्लिक स्पेस' हो । सांस्कृतिक र गैर-सांस्कृतिक (हिंसात्मक) क्रियाकलाप सार्वजनिक स्थलमा नै गरिन्छ (Veer 1996) । भीरका अनुसार सार्वजनिक स्थलको उपयोग र त्यसले सिर्जना गर्ने परिणाम व्यापक हुन्छ ।

जापानी शब्द 'माचीजुकुरी'को शाब्दिक अंग्रेजी अर्थ 'कम्युनिटी डिभलप्मेन्ट' वा 'नेबरहुड बिल्डिङ' वा 'टाउन मेकिङ' भन्ने हुन्छ । यसले असाधारण किसिमका गतिविधि, आर्थिक विकासका अग्रसरता, परम्परागत शहरी योजना र समाज कल्याणका स्वयम्सेवी परियोजनालाई समेटेको हुन्छ। अन्य प्रक्रिया छाडेर एउटा मात्रै प्रयत्नलाई हेर्ने हो भने 'माचीजुकुरी' अन्तर्गत 'सिभिक स्पेस'को निर्माण गरिन्छ। यो भौतिक र अभौतिक दुई प्रकारको हुन्छ। भौतिक 'सिभिक स्पेस'भित्र पार्क, सामुदायिक केन्द्र, खाली जमिन, सामुदायिक भवन, नागरिक समाजका लागि निर्मित कार्यालय आदि पर्दछन्। अभौतिक 'सिभिक स्पेस'ले नयाँ सामुदायिक संगठन र संगठनको कार्यक्रमले निर्माण गरेको स्थल, कुनै जमिन वा सम्पदामाथि अधिकार बाँडफाडको प्रतिज्ञा जनाएपछि प्राप्त हुने अनुमति आदिलाई समेट्छ (Sorensen et al 2009)। सार्वजनिक स्थललाई बुझ्ने सन्दर्भमा स्थान, समुदाय र परम्परा मुख्य आधार हुन्।

नेपालमा 'सार्वजनिक स्थल' सम्बन्धी प्रष्ट अवधारणा राज्य र गैर-राज्य दुवै

तहमा छैनन् । व्यक्ति र पुस्ताअनुसार 'सार्वजनिक स्थल' सम्बन्धी बुझाइमा पनि फरक छ। सत्तरी वर्ष पुगेका काठमाडौंमा जन्मेर हुर्किएका एउटा पुस्ताले संकटा मन्दिर परिसर, टुँडिखेल, रत्नपार्कमा विभिन्न खेल र बाग्मतीमा पौडी खेलेका आधारमा तिनै क्षेत्रलाई 'सार्वजनिक स्थल' भनेर बुझेका छन् । तर, अहिलेको पुस्ताले साथीलाई भेट्ने गरेको मंगलबजार र काठमाडौं मललाई 'सार्वजनिक स्थल' ठानेका छन् ।[१] सार्वजनिक प्रयोग र स्वामित्व भएका खुला ठाउँ नै 'सार्वजनिक स्थल' हो । यसलाई आर्थिक, सामाजिक र वातावरणीय तीन प्रकारले उपयोग गर्न सकिन्छ ।[२] तर राज्यका कुनै पनि कानुनी, नीतिगत वा कार्यक्रम सम्बन्धी दस्तावेजमा 'सार्वजनिक स्थल' भन्ने पदावलीको व्याख्या गरिएको छैन ।

प्राचीन स्मारक संरक्षण ऐन २०१३ ले 'संरक्षण'लाई परिभाषित गर्दै भनेको छ '... संरक्षित स्मारकलाई बार्ने, ढाक्ने, मर्मत गर्ने, सफा राख्ने समेतको प्रबन्ध गरी स्मारकलाई मौलिक रूपमा दुरुस्त राख्ने कामलाई सम्झनुपर्छ' । शहरी सांस्कृतिक सम्पदा संरक्षण रणनीतिमा संरक्षण मात्रैको कुरा हुँदैन, त्यहाँ विकासे गतिविधि पनि जोडिन्छन् । नेपालमा संरक्षणसँगै विकासको विषय पनि उठ्ने गरेको छ (Bjonness 1998) । राज्यले 'संरक्षण' शब्दको प्रयोग गरेको करिब पचास वर्षपछि २०६४ सालमा 'एकीकृत व्यवस्थापन संरचना'मार्फत 'व्यवस्थापन' पदावलीको प्रयोग गरेको छ। राज्यले 'संरक्षण'को घेराबाहिर निस्किएर बृहत्तर अर्थ दिने 'व्यवस्थापन'को अवधारणा अनुरूप काठमाडौं उपत्यकाका विश्व सम्पदा क्षेत्रको छुट्टाछुट्टै योजना तयार गरेको छ ।

व्यवस्थापन अर्न्तगत दुईओटा पक्षलाई बुझिन्छ । एउटा संरक्षण र अर्को उपयोग। सार्वजनिक स्थलको संरक्षण मात्रै भयो तर त्यसको सार्वजनिक उपयोग भएन भने त्यो अधुरो हुन्छ । त्यस्तै उपयोग चाहिं हुने तर संरक्षण नहुने हो भने सम्पदा लामो समय टिक्दैन । संरक्षण र उपयोग दुवै काम सँगसँगै हुन आवश्यक छ। 'एकीकृत व्यवस्थापन संरचना'ले विश्व सम्पदा क्षेत्रभित्रका स्थानीय

१ सोसल साइन्स बहा:को इन्टरएक्टिभ म्यापिङ एन्ड आर्काइभ प्राजेक्टद्वारा सञ्चालित कान्तिपुर एफएमको 'टकिङ स्पेस' कार्यक्रममार्फत सन् २०११ जुलाई ८ मा प्रसारित सामग्रीमा आधारित ।

२ सोसल साइन्स बहा:को इन्टरएक्टिभ म्यापिङ एन्ड आर्काइभ प्राजेक्टद्वारा सञ्चालित कान्तिपुर एफएमको 'टकिङ स्पेस' कार्यक्रममार्फत सन् २०११ जुलाई ८ मा सुदर्शनराज तिवारीले व्यक्त गरेको विचारमा आधारित ।

समुदायको जीवनस्तर, सुरक्षा र आर्थिक सम्भाव्यतासमेतलाई समेटेको छ। यो अध्ययनमा संरक्षण र उपयोग दुवै पक्षलाई समष्टिमा बुझाउन 'व्यवस्थापन' शब्दको प्रयोग गरिएको छ।

सार्वजनिक सम्पदा व्यवस्थापनमा 'स्टेक होल्डर' वा सरोकारवाला, 'राइट होल्डर' वा अधिकारवाला र 'ड्युटी होल्डर' वा दायित्ववाला बीचमा सहसम्बन्ध हुनुपर्दछ। दायित्व राज्यको भागमा रहन्छ। अधिकार स्थानीय र अन्तर्राष्ट्रिय समुदायको हुन्छ। दायित्व सामाजिक र आर्थिक स्वतन्त्रतासहितको हुनुपर्छ भने अधिकार समुदायको जीविकोपार्जन र सम्पदाको संरक्षणसँग जोडिएको हुनुपर्दछ। यस लेखमा प्रयोग भएको 'सम्पदा व्यवस्थापन'ले यी तीन पक्षबीचको सम्बन्धलाई संकेत गर्दछ।

## गैर-राज्यको तहमा व्यवस्थापनको बुझाइ

गैर-राज्यको तहमा सम्पदा संरक्षणलाई बुझ्ने दुईओटा अवधारणा छन्। पहिलो अवधारणाले संरक्षण विदेशीको हातमा गयो, नेपालीले कहिले गर्ने? भन्ने सरोकार उठाएको छ। दोस्रो अवधारणा अनुसार संरक्षणमा कसको भूमिका थियो वा छ भन्ने भन्दा पनि के गर्‍यो भन्ने पक्ष प्रमुख हुन्छ। त्यसैले सम्पदा संरक्षण भयो कि भएन भन्ने प्रश्न मुख्य होइन। उपयोगको योजना कसरी बन्यो वा त्यसमा स्थानीय समुदायको सहभागिता भयो कि भएन भन्ने प्रश्न मुख्य हुन्छ किनकि उपयोग पनि संस्कृति हो र संरक्षणको अवधारणा उपयोगको विधिबाट शुरु हुन्छ। त्यसैले संरक्षण सोचाइ र परम्परासँग जोडिएको हुन्छ।[३]

नेपाल सांस्कृतिक एवं प्राकृतिक सम्पदा संरक्षण संघले देशव्यापी रूपमा गराएको निबन्ध प्रतियोगितामा उत्कृष्ट ठहरिएका निबन्धको सँगालो 'सांस्कृतिक सम्पदा संरक्षण: एक चुनौती' पुस्तक संवत् २०४३ मा प्रकाशित भएको थियो। यस पुस्तकमा १५ जना शिक्षक, प्राध्यापक र समाजका अगुवाहरूको निबन्ध संग्रहित छन्। प्रस्तुत निबन्ध संग्रहका माध्यमबाट त्यति बेलाको सामाजिक-राजनीतिक परिवेशमा पनि स्थानीय निकायलाई सम्पदा संरक्षण कार्यको केन्द्रमा राखिनुपर्ने सुझाव आएका छन्। यो व्यवहारत: सकारात्मक र सवल पक्ष हो। अन्तर्राष्ट्रिय

३ २०६८ मंसिर २३ गते यलमाया केन्द्रमा सोसल साइन्स बहा:को इन्टरएक्टिभ म्यापिङ एन्ड आर्काइभ प्राजेक्टद्वारा आयोजित 'समूह छलफल'मा आएका विचारमा आधारित।



तस्बिर १: कर्ट बेयकले सन् १८९९ मा खिचेको फोटो गोट्ज ह्याङमुलरको पुस्तक 'पाटन म्युजियम' पुस्तकको पृ. ३२ बाट लिइएको हो।



तस्बिर २: गुस्ताभ ले बोनले सन् १८८५ मा खिचेको फोटोलाई लिथोग्राफ गरिएको हो। गोट्ज ह्याङमुलरको 'पाटन म्युजियम' पुस्तकको पृ. २२ बाट लिइएको हो।

संघसंस्थासँग सम्बन्ध विस्तार र आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्ने एवं सम्पदा संरक्षणका अनुभव र सूचनाको आदान प्रदान गर्ने जस्ता विषयवस्तुको उल्लेख हुनु पनि सकारात्मक पक्ष हो। तत्कालीन निरंकुश र बन्द प्रकृतिको राजनीतिक व्यवस्थाको सम्पदा संरक्षणमा कुनै प्रभाव वा छाप नपरेको विषयबारे निबन्धहरूले उठाएका छैनन्।

## दरबार क्षेत्रको सार्वजनिक उपयोग

दरबार क्षेत्र स्वामित्वका दृष्टिले कसको ? भन्ने कुरा सार्वजनिक रूपमा प्रष्ट छैन। काठमाडौं उपत्यकाभित्र नारायणहिटी, निर्मल निवास, नागार्जुन र पाटन दरबारसमेत चारओटा दरबार राजाका नाममा छन् (थापा २०६४)।[४]

दरबारको स्वामित्वको विषय विवादित भए पनि दरबार क्षेत्रको सार्वजनिक उपयोग हुने गरेको विषयमा विवाद छैन। यद्यपि यस्तो उपयोग कुनै कालखण्डमा खुला थियो र कुनै कालखण्डमा बन्द भन्नेबारेमा उपलब्ध दस्तावेजहरूले फरक फरक दाबी गरेका छन्। तर, पाटन दरबार क्षेत्र भने सार्वजनिक प्रयोगका लागि सधैं खुला थियो भन्न सकिन्छ। तलका दुईओटा तस्बिरले स्थानीय समुदायको प्रवेश र उपयोगमा कुनै बन्देज नभएको देखाउँछ (हेर्नुहोस् तस्बिर १ र २)।

चन्द्रशमशेरको पालामा भादगाउँ र पाटनमा सैनिक परेड गर्मी याममा बिहान सात बजे र हिउँदमा बिहान नौ बजे हुने गर्दथ्यो। त्यति बेला भादगाउँ र पाटनमा ब्यारेक बनाएर सबै सुविधासहित दुई/दुई सय सिपाही राखिएका थिए। तर पाटनको सैनिक ब्यारेक दरबारभन्दा दक्षिणतिर लगनखेल नजिक स्तूपसँगै थियो (Landon 2007)। हिजोआज पनि भक्तपुर र काठमाडौं दरबारको सुरक्षा गर्न सैनिक राखिएका छन् तर पाटनमा त्यस्तो छैन। यसैले पनि पाटन दरबार क्षेत्रबाट त्यतिका धेरै मुर्ति चोरिएको हुनसक्छन् (श्रेष्ठ २०४८)। यी दुई तर्कले इतिहासमा कहिल्यै पनि पाटन दरबार क्षेत्रमा

४ पत्रकार सूर्य थापाले आफ्नो पुस्तकमा भूमिसुधार मन्त्रालयमा शाखा अधिकृत हुँदै अञ्चलाधीश बनेका सूर्यबहादुर सेन ओलीको दाबी उधृत गर्दै लेखेका छन् – "राजा र राजपरिवारका नाममा दर्ता जंगल र नयाँ दरबारहरू कुनै पुर्ख्यौली सम्पत्ति होइनन्। जनमत संग्रहपछि जनताले पञ्चायत व्यवस्था अनुमोदन गरेको भन्दै ढुक्क भएर राजा र राजपरिवारका नाममा दर्ता गरिएको थियो" (थापा २०६४; पृ. ४२)।

सैनिक नराखिएको प्रष्ट हुन्छ। त्यसैले सैनिकको अनुपस्थितिमा दरबारको खुला क्षेत्र स्थानीय समुदायलाई उपयोग गर्नमा बन्देज थिएन।

दरबार र दरबार क्षेत्र दुई फरक अर्थमा प्रयोग हुन्छन्। दरबारले भवन र ती भवनबीचमा रहेका चोकसहितको एउटा परिधिमा बाँधिएको क्षेत्रलाई बुझाउँछ। र, दरबारबाहिर तर दरबारको उपयोगका लागि व्यवस्था गरिएको खुला या धार्मिक तथा सांस्कृतिक संरचनासहितको क्षेत्रलाई दरबार क्षेत्र भनिन्छ। दरबार क्षेत्र सधैं श्रम र सामानको व्यापार हुने ठाउँ मात्रै थिएन। यहाँ थुप्रै रीतिथिति र पितृ सम्झनामा पनि उत्सव र कार्यक्रम हुने गरेका चित्र, ताम्रपत्र, शिलालेख तथा मिथक र कथा छन् (Sekler, n.d.) । दरबार क्षेत्रको सार्वजनिक उपयोग इतिहासमा पनि थियो र अहिले पनि भइरहेको छ। उपयोगको मात्रा र स्वरूपमा चाहिं निश्चित अन्तर छन्।

# राज्य नियन्त्रित व्यवस्थापन अग्रसरता

सम्पदा संरक्षण र उपयोगमा राज्य प्रमुख पक्ष हो। राज्यले कानुन, नीति र व्यवस्थाका माध्यमबाट सम्पदा व्यवस्थापनमा भूमिका निर्वाह गर्न सक्छ। नेपाली राज्यले संवत् २००७ पछि आंशिक रूपमा खुलापनसँग साक्षात्कार गर्न पाएको थियो। त्यसपछिका समयमा पनि राजनीतिक व्यवस्था परिवर्तनका घटनाले गर्दा सम्पदा व्यवस्थापनको विषय प्राथमिकतामा परेन। संवत् २००७ देखि अहिलेसम्म करिब साठी वर्षको अवधिमा व्यवस्थापनका लागि भएका प्रयत्नलाई तीन समयावधिमा बाँडेर हेर्न सकिन्छ। पहिलो संक्रमणको अवधि (संवत् २००७ देखि २०१७ सम्म), दोस्रो पञ्चायती व्यवस्थाको तीस वर्ष (संवत् २०१७ देखि २०४६ सम्म) र तेस्रो प्रजातन्त्रकाल (संवत् २०४६ पछि)। यी तीनै कालमा केही काम भएका छन्।

**संक्रमणको अवधि (संवत् २००७ देखि २०१७ सम्म)**

राजनीतिक दृष्टिले यो समयलाई नेपाली इतिहासमा सबैभन्दा लामो संक्रमणको अवधि भनिन्छ। संवत् २००७ को राजनीतिक परिवर्तन नेपाली समाजका लागि खुलापनतिरको यात्रा थियो।[५] दश वर्षसम्म राज्यको शासन व्यवस्था कस्तो हुने भनेर टुंगो लगाउन सकिएन। तरल राजनीतिक अवस्था, अस्थिर सरकार, सरकारको वैधानिकता आदि कारणले राजनीति बाहेक समाज परिवर्तनका प्रस्तावनामा पर्याप्त ध्यान पुगेन। तैपनि सम्पदा व्यवस्थापनमा दुईओटा महत्त्वपूर्ण अग्रसरता भएका छन् जसलाई सम्पदा व्यवस्थापनका लागि 'कोशेढुंगो' भन्न सकिन्छ। यी हुन्: पहिलो, पुरातत्त्व विभागको गठन र दोस्रो, प्राचीन स्मारक संरक्षण ऐनको निर्माण र जारी।

---

५ संवत् २००७ साल को राजनीतिक घटनालाई क्रान्ति वा जनक्रान्ति भन्ने गरिए पनि यो लेख राजनीतिक प्रकृतिको नभएकाले यहाँ राजनीतिक परिवर्तन भनेर उल्लेख गरिएको छ। २०४६ सालको जनआन्दोलनलाई पनि राजनीतिक परिवर्तन भनेर नै सम्बोधन गरिएको छ।

## पुरातत्त्व विभागको गठन सन् १९५३

तत्कालीन नेपाल सरकार अन्तर्गत पुरातत्त्व विभागको स्थापना सन् १९५३ मा भएको हो। यो पुरातात्त्विक सम्पदाको संरक्षण र अध्ययन/अनुसन्धान गर्ने प्रमुख संस्था पनि हो। विभागले मोटामोटी चार थरी काम गरिरहेको छ। यसले पुरातात्त्विक क्षेत्रको संरक्षण र मर्मत, राष्ट्रिय महत्त्वका प्राचीन स्मारक, संग्रहालय र तिनको सूचना व्यस्थापनमा मुख्य सरोकार राख्ने गरेको छ। प्राचीन स्मारक ऐन २०१३ का आधारमा विभागले देशभर भइरहेका पुरातात्त्विक क्रियाकलापको नियमन गर्दछ। पुरातत्त्व विभाग प्राचीन स्मारक र पुरातात्त्विक वस्तु तथा स्थलको रक्षा र संरक्षण गर्ने मुलुककै प्रमुख सरकारी प्राधिकार पनि हो।

यस विभागले विभिन्न समयमा विभिन्न छओटा मन्त्रालय अन्तर्गत रहेर काम गरेको छ। यो विभाग संवत् २००९ देखि २०३८ सालसम्म शिक्षा मन्त्रालय, २०३८ देखि २०५२ सम्म शिक्षा तथा संस्कृति मन्त्रालय, २०५२ देखि २०५७ सम्म युवा खेलकुद तथा संस्कृति मन्त्रालय, २०५७ देखि २०६५ सम्म संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०६५ देखि २०६६ सम्म संस्कृति तथा राज्य पुन:संरचना मन्त्रालय अर्न्तगत थियो भने २०६६ पछि संघीय मामिला, संविधानसभा, व्यवस्थापिका संसद तथा संस्कृति मन्त्रालय अन्तर्गत रहेको छ। यसका उद्देश्य निम्न बमोजिम छन्:

- स्मारक तथा पुरातात्त्विक क्षेत्रको रक्षा र संरक्षण गर्ने,
- पुरातात्त्विक उत्खनन्, खोजी र प्रकाशन गर्ने,
- पुरातात्त्विक वस्तुको अनुसन्धान, संकलन र प्रकाशन गर्ने,
- संग्रहालयको स्थापना र संचालन गर्ने,
- विश्व सम्पदा क्षेत्रहरूको संरक्षण र व्यवस्थापन गर्ने,
- सांस्कृतिक सम्पदाहरूको लगत तयारी र प्रकाशन गर्ने
- सांस्कृतिक तथा पुरातात्त्विक वस्तुको गैर-कानुनी आयात निर्यातलाई नियन्त्रण गर्ने,
- स्थानीय समुदाय र संस्थाहरूलाई स्मारक संरक्षणका लागि प्राविधिक र वित्तीय सहयोग गर्ने,
- सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धधन सम्बन्धी चेतनामूलक कार्य गर्ने, र
- 'प्राचीन नेपाल' नामक जर्नलको प्रकाशन गर्ने

पुरातत्त्व विभागले सांस्कृतिक सम्पदा तथा पुरातात्त्विक क्षेत्रको रक्षा गर्ने, संरक्षण कार्यक्रम संचालन गर्ने, नियमनकारी कार्य गर्ने, चेतनामूलक कार्यक्रम गर्ने, अनुसन्धान तथा उत्खनन् गर्ने, प्रकाशन गर्ने एवं प्राविधिक र वित्तीय कार्यसमेत गर्ने निकै ठूलो जिम्मेवारी पाएको छ। करिब ६० वर्ष लामो विभागको नेतृत्वमा नेपालमा जति काम भए वा भएनन्, तिनको जस/अपजस पनि विभागको भागमा पर्छ। विभागको कामलाई अझ व्यवस्थित र व्यापक गराउने काम प्राचीन स्मारक संरक्षण ऐनले गरेको छ (http://www.doa.gov.np/index.php बाट २० फेब्रुअरी २०१२ मा लिइएको)।

## प्राचीन स्मारक संरक्षण ऐन २०१३

नेपालको प्राचीन पुरातात्त्विक वस्तु र क्षेत्रको संरक्षणमा यस ऐनलाई कोशेढुंगा मानिन्छ। राजनीतिक अनिश्चितता हुँदाहुँदै पनि सम्पदा संरक्षणलाई ध्यानमा राखेर यो ऐन ल्याइएको थियो। ऐनमा सांस्कृतिक सम्पदा संरक्षणका थुप्रै प्रावधान समावेश छन्। सम्पदाहरूको ऐतिहासिक, कलात्मक, वैज्ञानिक तथा सौन्दर्यपरक महत्त्वलाई ध्यानमा राखेर सांस्कृतिक महत्त्वका भवन, शहर वा क्षेत्रको सुन्दरतालाई कायम राख्न ऐनले व्यवस्था गरेको छ (नेपाल सन् २००४)।

ऐनको प्रस्तावनामा “प्राचीन स्मारकहरूको संरक्षण, पुरातात्त्विक वस्तुहरूको व्यापार र प्राचीन स्मारकहरू भएका ठाउँको खनाइ समेतमा नियन्त्रण राखी प्राचीन स्मारकहरू र पुरातत्त्व सम्बन्धी, ऐतिहासिक वा कलात्मक वस्तुहरूको उपलब्धि र संरक्षण समेत ...” भनेर उल्लेख गरिएको छ (विभाग २०६५)। ऐनको प्रस्तावनाले अहिले भएका प्राचीन स्मारक र पुरातात्त्विक वस्तुको संरक्षण बाहेक त्यस्ता स्मारक र वस्तुको खोजी वा उत्खनन्, प्राप्ति र संरक्षण जस्ता तीनओटा पक्षलाई महत्त्वका साथ उठाएको छ।

यो ऐनले पहिलो पल्ट ‘प्राचीन स्मारक’ र ‘पुरातात्त्विक महत्त्वका वस्तु’को परिभाषा गरेको छ। ऐनको परिभाषाले यी दुईबीचको महत्त्व र उपादेयतामा फरक छुट्याएर प्रष्ट पारेको छ।

> २ (क) ‘प्राचीन स्मारक’ भन्नाले इतिहास, कला, विज्ञान, वास्तुकला वा स्थापत्यकलाको दृष्टिकोणले महत्त्व राख्ने सार्वजनिक सम्पत्ति, एक सय वर्ष नाघेको मन्दिर, स्मारक, घर, देवालय, शिवालय, मठ, गुम्बा, विहार, स्तूप आदिलाई सम्झनुपर्छ र सो शब्दले स्मारक

रहेको ठाउँ र राष्ट्रिय वा अन्तर्राष्ट्रिय दृष्टिकोणले विशिष्ट मूल्य राख्ने एकअर्कोसँग जोडिएको वा एकै इलाकामा बेग्लाबेग्लै रूपमा अवस्थित मानव बस्ती वा स्थल र प्राचीन मानव बस्तीको अवशेष, प्राचीन स्मारकहरूको भग्नावशेष, गुफा आदि समेतलाई जनाउँछ (विभाग २०६५; पृ. १ र २)।

२ (ख) 'पुरातात्त्विक महत्त्वका वस्तु' भन्नाले प्रागऐतिहासिक कालमा मानिसले निर्माण गरी उपभोग गरेको वस्तु वा कुनै पनि देशको इतिहास बोध गराउने हस्तलिखित वंशावली, हस्तलिखित ग्रन्थ, स्वर्णपत्र, शिलापत्र, ताम्रपत्र, काष्ठपत्र, भोजपत्र, ताडपत्र, कागजपत्र, मुद्रा वा ऐतिहासिक घटना घटेको वा ऐतिहासिक विशिष्ट व्यक्ति बसेको घर र त्यस्तो व्यक्तिले प्रयोग गरेको वस्तु, ढुंगा, काठ, माटो, हस्तिहाड, हाड, काँच, कपडा, कागज, धातु आदि वा बेलबुट्टा भरी आकर्षक ढंगले बनाएको घरको कुनै महत्त्वपूर्ण भाग वा सो घरमा उपयोग गरिएका वस्तु वा बेलबुट्टा भरी वा नभरी बनाइएको मूर्ति, देवीदेवताको मन्दिर, चैत्य, सालिक, पौभाचित्र, राजप्रासादमा उपयोग भए-गरिएका वस्तु, पशुपन्छी, स्थावर जंगमको प्रतिकृति र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको वस्तु समेत सम्झनुपर्छ (विभाग २०६५; पृ. २)।

'प्राचीन स्मारक'हरू सामाजिक, सांस्कृतिक र धार्मिक जनजीवनसँग पनि गाँसिएका हुन्छन्।[६] तर, ऐनले 'प्राचीन स्मारक'हरूको सामाजिक जीवनसँगको सम्बन्धलाई जोडेको छैन वा त्योसँग जोडेर संरक्षणको प्रस्ताव गरेको छैन।

ऐनको दफा ३ मा संरक्षित स्मारक क्षेत्र घोषित गर्न सक्ने व्यवस्था गरिएको छ। दफा ३ को उपदफा (१) मा भनिएको छ, 'नेपाल सरकारले कुनै प्राचीन स्मारक रहेको ठाउँ वा क्षेत्रलाई संरक्षित क्षेत्र घोषित गर्न चाहेमा चार किल्ला खोली सोको सूचना स्मारक रहेको ठाउँ र सो ठाउँ नजिकैको

६ यसलाई प्राचीन स्मारक संरक्षण ऐन २०१३ को दफा ३(१) बमोजिम संरक्षित स्मारक क्षेत्र समेत घोषणा गरिएको छ।

सार्वजनिक स्थलमा समेत एक/एक प्रति टाँस्नु पर्नेछ।' ऐनको यो व्यवस्थाले सरकारलाई संरक्षित क्षेत्र घोषणा गर्न बाटो प्रशस्त गरेको छ। यसले राज्यले चाहेमा प्राचीन स्मारक र पुरातात्त्विक क्षेत्रको परिभाषा अनुसार आफ्नो काम गर्न सक्ने अवस्था सिर्जना गरेको छ। दफा ३ को उपदफा (६) ले 'संरक्षित स्मारक क्षेत्रभित्र कसैले आफ्नो हकभोगको जग्गामा नयाँघर वा भवन निर्माण गर्दा वा साबिक आकारमा परिवर्तन हुने गरी आफ्नो घर वा भवनको मर्मत, थपघट वा पुनर्निर्माण गर्दा त्यस्तो क्षेत्रभित्रको घर वा भवनको शैलीसित मिल्ने गरी पुरातत्त्व विभागले तोकेको मापदण्ड बमोजिम निर्माण, मर्मत, थपघट वा पुननिर्माण गर्नु पर्नेछ' भन्ने व्यवस्था गरेको छ।

दफा ३ को उपदफा (७) मा 'नगरपालिका क्षेत्रभित्र पर्ने संरक्षित स्मारक क्षेत्रमा घर वा भवनको निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गर्न चाहने व्यक्तिले पेस गरेको नक्सा नगरपालिकाले प्रचलित कानुन बमोजिम पास गर्नुभन्दा अगावै त्यस्तो नक्सामा पुरातत्त्व विभागको स्वीकृती लिनुपर्ने ...' व्यवस्था छ। दफा ३ को उपदफा (८) मा 'संरक्षित स्मारक क्षेत्रमा घर वा भवनको निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण कार्य गर्दा स्वीकृत नक्सा बमोजिम नगरेमा त्यस्तो घर वा भवनको निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गर्ने कार्यलाई रोक्न पुरातत्त्व विभागले आदेश दिन सक्नेछ' भनिएको छ। उपदफा ६, ७ र ८ ले गरेको व्यवस्थाले संरक्षित क्षेत्रको प्राचीनता र पुरातात्त्विक महत्त्वलाई कायम राख्न सहयोग पुऱ्याउँछ।

प्राचीन स्मारक संरक्षण ऐनको पाँचौं संशोधन २०५२ मा गरिएको थियो। पाँचौं संशोधनले प्राचीन स्मारकको वर्गीकरण गरेको छ। स्मारकलाई स्वामित्व र महत्त्व दुई दृष्टिले वर्गीकरण गरिएको छ। स्वामित्वका दृष्टिले सार्वजनिक प्राचीन स्मारक र निजी प्राचीन स्मारक छन्। महत्त्वका दृष्टिले अन्तर्राष्ट्रिय महत्त्व, राष्ट्रिय महत्त्व र स्थानीय महत्त्व गरी तीन किसिमले वर्गीकरण गरिएको छ। सार्वजनिक प्राचीन स्मारकहरूको स्वामित्व, संरक्षण, मर्मत तथा जीर्णोद्धारको जिम्मा पुरातत्त्व विभागमा रहने व्यवस्था छ। निजी स्वामित्वमा रहेका प्राचीन स्मारकहरूको संरक्षण, मर्मत तथा जीर्णोद्धार सम्बन्धित व्यक्ति र पुरातत्त्व विभागमा रहने व्यवस्था छ। राष्ट्रिय अन्तर्राष्ट्रिय दृष्टिले महत्त्वपूर्ण मानिएका प्राचीन स्मारक स्थल तथा पुरातात्त्विक स्थलहरूको संरक्षण पुरातत्त्व विभागले गर्नेछ। प्राचीन स्मारक र पुरातात्त्विक महत्त्वका वस्तु र स्थलको संरक्षणउपर

राज्यको पूरै जिम्मेवारी हुने व्यवस्था ऐनले गरेको छ। यो व्यवस्थाले राज्यलाई संरक्षणको प्रमुख पक्षको रूपमा उभ्याएको छ।

ऐनले अन्य दुई महत्त्वपूर्ण व्यवस्था पनि गरेको छ। पहिलो व्यवस्था अनुसार प्राचीन स्मारक संरक्षणको निमित्त प्राचीन स्मारक रहेको ठाउँ वरिपरि सुरुङ खन्ने वा विष्फोटक पदार्थ हाली जमिन फोर्ने काममा नियन्त्रण गर्न आवश्यक छ भन्ने नेपाल सरकारलाई लागेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यसरी सुरुङ खन्न वा विष्फोटक पदार्थ हाली जमिन फोर्न नपाउने गरी तोक्न सक्नेछ। दोस्रो व्यवस्था अनुसार प्राचीन स्मारक र पुरातात्त्विक वस्तु वा क्युरियोको सारफेर, खरिद बिक्री, निकासी र संग्रहमा प्रतिबन्ध लगाइएको छ। यसले संरक्षणको क्षेत्रमा नयाँ तरिकाले सोच्न कानुनी व्यवस्था गरेको छ।

संक्रमणकालीन अवस्थामा पनि दुईओटा महत्त्वपूर्ण काम भएका थिए। यसले नेपालको सांस्कृतिक सम्पदा संरक्षणको क्षेत्रमा व्यवस्थित थालनी गऱ्यो। पुरातत्त्व विभागको गठनले सांस्कृतिक सम्पदा संरक्षणमा राज्यले प्रतिनिधिको टुंगो लगायो र राज्यको तर्फबाट सम्पदा संरक्षणमा नेतृत्व गर्न थाल्यो। राज्यको कामलाई व्यवस्थित गर्न ऐनको व्यवस्था भयो। ऐनले सम्पदा संरक्षणका लागि राज्यलाई निर्देशित गर्ने बाटो तयार गऱ्यो। ऐनमा भएका व्यवस्था र सात पटक भएको संशोधनले संरक्षण कार्यमा नयाँ गन्तव्य खुले। २०५२ सालमा भएको पाँचौं संशोधनले केही नयाँ व्यवस्था गरेको छ। संवत् २०१३ मा बनेको ऐनले कानुनको आधार तयार गरे पनि यो कानुनलाई व्यवस्थित गर्ने नियमावली २०४६ सालमा मात्र आएको थियो। ऐन बन्नु महत्त्वपूर्ण काम भए पनि नियमावली बन्न ढिलाइ हुनु कानुन कार्यान्वयनमा तत्परता नहुनु नै हो।

# पञ्चायतको तीस वर्ष (२०१७ देखि २०४६ सम्म)

वि.सं. २०१७ सालमा निर्वाचित सरकार अपदस्त भयो। यस घटनाको मुख्य पात्र राजा महेन्द्रको नेतृत्वमा 'पञ्चायती प्रजातन्त्र' नामको बन्द राजनीतिक व्यवस्था प्रारम्भ भयो जसलाई इतिहासमा 'पञ्चायती व्यवस्था' वा 'पञ्चायत' मात्र भनेर पनि बुझिन्छ। पञ्चायतले थुप्रै नागरिक अधिकार बन्देज गऱ्यो। नागरिकका आवाज बोल्ने राजनीतिक दल प्रतिबन्धित भए। यसको प्रभाव राज्यका थुप्रै क्षेत्र र तहमा पऱ्यो। सांस्कृतिक सम्पदा संरक्षणको क्षेत्र पनि प्रभावित भयो। यसको उदाहरणको रूपमा प्राचीन स्मारक संरक्षण ऐन बनेर पनि नियमावली बन्नलाई करिब ३३ वर्ष कुर्नु परेको थियो। पञ्चायतको तीस वर्षलाई ऐन वा नियमावली निर्माण, सम्पदा सर्वेक्षण, विश्वसम्पदामा सूचीकरण र मास्टर प्लानको निर्माण चारओटा सन्दर्भमा बुझ्न सकिन्छ।

## ऐन र नियमावलीको निर्माण

पञ्चायतको तीस वर्षमा पाँचओटा पूरक ऐन बने। यी ऐनहरूमा सम्पदा र त्यसको व्यवस्थापनका लागि केही व्यवस्था समावेश छन्। मूलतः ती ऐनहरू सम्पदा व्यस्थापनका लागि नै जारी गरिएका होइनन्। स्थानीय प्रशासन ऐन २०२८, गुठी संस्थान ऐन २०३३, लुम्बिनी विकास कोष ऐन २०४२, काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन २०४५ र नगर विकास ऐन २०४५ कुनै न कुनै रूपमा सम्पदा व्यवस्थापनसँग जोडिएका छन्।

**स्थानीय प्रशासन ऐन २०२८ः** स्थानीय प्रशासन सम्बन्धी कानुनलाई विकेन्द्रित प्रशासन व्यवस्था अनुरूप संशोधन र एकीकरण गर्न एवं शान्ति तथा व्यवस्था कायम गर्न यो ऐनको व्यवस्था गरिएको हो। ऐनको दफा १०(क) मा सार्वजनिक सम्पत्तिको अभिलेख सम्बन्धी व्यवस्था गरिएको छ। दफा १०(क) को (१) मा सर्भे नापी नक्साबाट वा लालमोहर, खड्ग, निशाना,

ताम्रपत्र, शिलापत्र वा त्यस्तै आधिकारिक लिखतबाट देखिएका सार्वजनिक जग्गा, पाटीपौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर, निकास आदिका लगत प्रमुख जिल्ला अधिकारीको कार्यालयले तयार गरी त्यसको अभिलेख राखी एक/एक प्रति मालपोत कार्यालय र जिल्ला विकास समितिको कार्यालयमा पनि राख्नुपर्ने व्यवस्था गरिएको छ। यो ऐनको व्यवस्थाले सार्वजनिक सम्पदाको अभिलेखीकरण र सुरक्षा गर्ने सन्दर्भमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो।

**गुठी संस्थान ऐन २०३३:** गुठी संस्थान ऐनले गुठीलाई चार किसिममा बाँडेको छ – गुठी, राजगुठी, छुटगुठी र निजी गुठी। दफा २ (ग) 'गुठी' भन्नाले कुनै मठ वा कुनै देवीदेवताको पर्व, पूजा वा जात्रा चलाउन वा कुनै धार्मिक परोपकारी कामका लागि कुनै मन्दिर, देवस्थल, धर्मशाला, पाटीपौवा ... बनाउन, चलाउन वा संरक्षण गर्न कुनै दाताले आफ्नो चल अचल सम्पत्ति वा आयस्ता आउने अरू कुनै सम्पत्ति वा रकममा आफ्नो हक छाडी राखेको गुठी समेतलाई सम्झनुपर्छ। यो ऐन प्राचीन स्मारक वा पुरातात्त्विक वस्तु र क्षेत्रको धार्मिक तथा सांस्कृतिक निरन्तरतालाई ध्यानमा राखेर संचालित गुठीहरूको व्यवस्थापनमा केन्द्रित छ। यसले सांस्कृतिक सम्पदा संरक्षणमा प्रत्यक्ष सरोकार राख्दैन। तैपनि ऐनको दफा १७ को उपदफा ६ (ख) को प्रावधान केही हदसम्म सम्पदा संरक्षणसँग जोडिएको छ।

**लुम्बिनी विकास कोष ऐन २०४२:** ऐनको प्रस्तावनामा 'लुम्बिनी विकास गर्ने लक्ष्य र आदर्शलाई बढी प्रभावकारी बनाउने नेपाल सरकारको कटिबद्धतालाई विश्व जनसमक्ष प्रस्तुत गर्न र सो अनुरूप लुम्बिनी विकास योजनालाई बढी समन्वयात्मक र सुचारु रूपले संचालन गर्न ...' उल्लेख गरिएको छ। ऐतिहासिक पुरातात्त्विक महत्त्वका लुम्बिनी, तिलौराकोट, गाटीहवा, निग्लीहवा, देवदह, रामग्राम आदि क्षेत्रको विकासमा एकीकृत व्यवस्था गर्नलाई यो ऐन तर्जुमा भएको हो। यो ऐन बुद्ध जन्मेको क्षेत्र र त्यसको प्राचीनतालाई ध्यानमा राखेर निर्माण गरिएको हो। यसले सम्पदा संरक्षणका क्षेत्रमा स्वायत्तताको अभ्यासलाई परीक्षण गरेको छ। यसलाई राम्रो शुरुवातका रूपमा लिन सकिन्छ।

**काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन २०४५:** यो ऐन मूलत: बढ्दो जनसंख्या र शहरीकरणलाई ध्यानमा राखेर काठमाडौं उपत्यकालाई व्यवस्थित शहर बनाउने उद्देश्यले निर्माण गरिएको हो। तर, ऐनका केही प्रावधानमा सम्पदा संरक्षणमा राज्यले अख्तियार गरेको नीति प्रतिबिम्बित भएको छ। दफा

६ को उपदफा १.३ मा ‘प्राचीन स्मारक सम्बन्धी प्रचलित नेपाल कानुनको अधीनमा रही योजना क्षेत्रमा कुनै धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाको समुचित विकास र सम्भारका लागि आवश्यक परियोजना बनाई कार्यान्वयन गर्ने’ उल्लेख छ। दफा ८ मा नियमित, नियन्त्रण र निषेध गर्न सक्ने व्यवस्था छ। सोही दफाको उपदफा १.१ मा ‘प्राकृतिक सम्पदा, पुरातात्त्विक, धार्मिक, ऐतिहासिक स्थलहरू ... उपभोग र प्रयोग गर्ने’ अर्को व्यवस्था पनि गरिएको छ। यस ऐनले सम्पदा संरक्षणका पूर्ववर्ती कानुनहरूलाई उपेक्षा गर्न नहुने प्रष्ट व्यवस्था गरेको छ।

काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन २०४५ मंसिर १ गते प्रमाणीकरण र प्रकाशित भएर दुई पटक संशोधन पनि भएको छ। तर, प्राधिकरण गठन हुन सकेको थिएन। संवत् २०६८ चैत १३ गते नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार २०६९ वैशाख १ गतेदेखि सरकारले प्राधिकरण गठन गरेको छ। यो निर्णयसँगै काठमाडौं उपत्यकाभित्रका तीनओटै नगर विकास समिति खारेज भए (*नागरिक* दैनिक २०६९)। तत्कालीन सरकारले नगर विकास समितिमार्फत काठमाडौंका सडक चौडा गर्ने अभियानमा राजनीतिक र स्थानीय नागरिकको समर्थन प्राप्त गर्न सकेको थिएन। नागरिक समर्थनविना सडक चौडा पार्ने काम पूरा हुन नसक्ने भएकाले नगर समितिभन्दा शक्तिशाली प्राधिकरण गठन गर्न सरकारले तत्परता देखाएको भन्ने बुझिन्छ।

**नगर विकास ऐन २०४५:** तत्कालीन श्री ५ को सरकारले एकै वर्ष एकै स्वरूपका दुईओटा ऐन जारी गरेको थियो – काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन र नगर विकास ऐन। यी दुवै २०४५ मंसिर १ गते प्रमाणीकरण र प्रकाशन भएका हुन्। दुवैले बढ्दो जनसंख्या र शहरीकरणको व्यवस्थापनमा जोड दिएका छन्। एउटाले शक्तिशाली प्राधिकरण गठन र अर्काले नगर विकास समिति गठनको व्यवस्था गरेको छ। यी एकअर्काका परस्पर प्रतिरोधी ऐन हुन्।

दुवै ऐनमा सम्पदा संरक्षणका विषयले उस्तै रूपमा प्रवेश पाएको छ। उदाहरणका लागि, नगर विकास ऐन २०४५ को दफा ९ को नियमित, नियन्त्रण वा निषेध गर्न सक्ने व्यवस्था हेरौं। यसको उपदफा ९.१.१ ले ‘कृषि, प्राकृतिक सम्पदा, वनस्पति, वनजंगल, जीवजन्तु, पुरातात्त्विक, धार्मिक, ऐतिहासिक स्थलहरू ... उपभोग र प्रयोग गर्ने’ व्यवस्था गरेको छ। दफा ११ मा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत उपदफा १.३ मा ‘प्राचीन स्मारक सम्बन्धी प्रचलित

नेपाल कानुनको अधीनमा रही नगर योजना क्षेत्रमा कुनै धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको समुचित विकास तथा सम्भारका लागि आवश्यक परियोजना बनाई कार्यान्वयन गर्ने' उल्लेख छ। यी दुवै व्यवस्था काठमाडौं उपत्यका विकास प्राधिकरण ऐनसँग मिल्दाजुल्दा छन्। त्यसैले दुवै ऐन सम्पदा संरक्षणका दृष्टिले सहायक हुन्। मुख्य होइनन्।

**प्राचीन स्मारक संरक्षण नियमावली २०४६:** प्राचीन स्मारक संरक्षण नियमावलीको निर्माण प्राचीन स्मारक संरक्षण ऐन जारी भएको करिब ३३ वर्षपछि मात्र भएको हो। ऐन २०१३ कात्तिक १५ गते लालमोहर सदर भई कात्तिक २७ गते नेपाल राजपत्रमा प्रकाशित छ। तर, नियमावली २०४६ चैत २० गते नेपाल राजपत्रमा प्रकाशित छ। ऐन र नियमावलीबीच धेरै लामो अवधिको 'ग्याप' छ। २०१३ सालपछि लामो समयसम्म दरबारको चाहना वा इच्छामा सम्पदासँग जोडिएका अधिकतम गतिविधि हुने गरेका थिए। दरबारको आदेशमा तत्कालीन मुख्य पुरातत्त्व अधिकृतले विभागको सञ्चालन गर्ने प्रचलनले ऐनको अधिकतम उपयोग हुन सकेन। यसले गर्दा निवमावलीको आवश्यकता महसुस भएन। २०४५/४६ सालमा सांस्कृतिक सम्पदाको प्रारम्भिक सर्वेक्षण सम्पन्न भएपछि ती सम्पदाहरूको वर्गीकरण गर्न, संरक्षण गर्न र प्राविधिक पक्ष वा अन्य जानकारी प्राप्त गर्न अप्ठ्यारो परेपछि मात्र नियमावली बनाउनु परेको थियो।[७]

चार पटक संशोधन भएको निवमावलीले थप चारओटा प्रावधान राखेको छ। यसले सम्पदा संरक्षणका लागि 'प्राविधिक समिति', 'प्राचीन स्मारक संरक्षण समिति', 'प्राचीन स्मारक सर्वेक्षण एवं वर्गीकरण समिति' र 'प्राचीन स्मारक संरक्षण कोष' गठनको अवधारणा ल्याएको छ। प्रत्येक समिति र कोष गठनका छुट्टाछुट्टै उद्देश्य छन्।

प्राविधिक समिति गठनको व्यवस्था नियमावलीको परिच्छेद २ मा गरिएको छ। परिच्छेद २.१ मा 'संरक्षित स्मारक क्षेत्रभित्र नीजि हकभोगको जग्गामा बनाइने घरको शैली तथा मापदण्डका सम्बन्धमा विभागलाई परामर्श दिन' प्राविधिक समिति गठन गर्ने प्रावधान छ। परिच्छेद २.३ मा प्राचीन स्मारकलाई

७ पुरातत्व विभाग विश्वसम्पदा शाखामा कार्यरत सुरेश सुरस श्रेष्ठसँग संवत् २०६९ वैशाख १६ गते गरिएको अनौपचारिक कुराकानीमा आधारित।

स्वामित्व र महत्त्वका दृष्टिले वर्गीकरण गर्न विभागलाई परामर्श दिने उद्देश्यले समिति गठनको व्यवस्था गरिएको छ। प्राचीन स्मारक संरक्षण समिति गठनको व्यवस्था परिच्छेद ३ मा गरिएको छ । यो समिति प्रत्येक संरक्षित क्षेत्रमा प्राचीन स्मारकको संरक्षणमा सहयोग पुऱ्याउन गठन गर्ने व्यवस्था गरिएको हो। नियमावलीको परिच्छेद ४.१० मा ऐतिहासिक तथा कलात्मक दृष्टिकोणबाट महत्त्वपूर्ण मानिएका प्राचीन स्मारकहरूको संरक्षणका लागि प्राचीन स्मारक संरक्षण कोष गठनको व्यवस्था छ ।

नियमावलीले समिति र कोष गठन तथा तिनको काम, कर्तव्य र अधिकार सम्बन्धी प्रष्ट व्यवस्था गरेको छ । निर्माण सम्बन्धी मापदण्ड, पुरातात्त्विक वस्तुको विवरण, पुरातात्त्विक वस्तुको उत्खनन् गर्ने स्वीकृति लगायतका ऐनमा व्यवस्था भएका सबै पक्षमा नियमावलीले सहज कार्यान्वयनको व्यवस्था गरेको छ ।

## सांस्कृतिक सम्पदाको प्रारम्भिक सर्वेक्षण

सन् १९७५ मा युनेस्कोको सहयोगमा काठमाडौं उपत्यकाका सांस्कृतिक सम्पदा सर्वेक्षण गरिएको थियो (अमात्य २०५८) । राज्यको पहलमा पहिलो पल्ट मुलुकभरका सांस्कृतिक सम्पदाहरूको प्रारम्भिक सूचना प्राप्त गर्ने उद्देश्यले संवत् २०४१/४२ देखि २०४५/४६ सम्म 'सांस्कृतिक सम्पदाको प्रारम्भिक सर्वेक्षण' गरियो । यो सर्वेक्षण किन गरिएको थियो भन्ने सन्दर्भमा तत्कालीन पुरातत्त्व विभागका महानिर्देशक पुण्य प्रसाद निरौलाले सांस्कृतिक सम्पदाको प्रारम्भिक सर्वेक्षण प्रतिवेदनको पहिलो भागको भूमिकामा लेखेका छन्:

> नेपाल अधिराज्यका विभिन्न भागमा रहेका ऐतिहासिक स्थल र स्मारकहरू, मठ, मन्दिर, गुम्बा, विहार लगायत धार्मिक स्थलहरू, जात्रा, मेला, पर्व, नाच आदि परम्परा जस्ता विभिन्न सांस्कृतिक सम्पदाहरूको सर्वेक्षण अध्ययन गरी तिनको संरक्षण र संवर्द्धन गर्नुपर्ने राष्ट्रिय आवश्यकताको सन्दर्भमा आ.व. ०४१/०४२ देखि यस विभागले यस्ता सम्पदाहरूको प्रारम्भिक सर्वेक्षण अभियान शुरु गरेको छ (पुरातत्त्व विभाग २०४२)।

यो सर्वेक्षण सांस्कृतिक सम्पदाहरूको संख्या गणना मात्रै हो। यसले सम्पदाको

विस्तृत जानकारी वा सूचना दिदैन । प्रतिवेदनको तीन भागमा महानिर्देशक निरौलाले भूमिका लेख्ने क्रममा पनि यो विषयलाई उठाएका छन् । बाँकी पाँच भागमा कहिले निमित्त र कहिले कायममुकायम महानिर्देशकको हैसियतमा साफल्य अमात्यले भूमिका लेखेका छन् । उनले प्रतिवेदनको आठौं भागको भूमिकामार्फत प्रारम्भिक सर्वेक्षणको उद्देश्य र सीमाको संकेत गरेका छन्:

> ... शुरुका भागमा उल्लेख भए झैं यो प्रतिवेदन केवल प्रारम्भिक सर्वेक्षणबाट प्राप्त प्रतिवेदन मात्र भएकोले यसले सांस्कृतिक सम्पदाको केवल नाम र छोटो परिचय मात्र दिन सक्नेछ, तर पनि विस्तृत अध्ययन तथा अनुसन्धानकर्ताको लागि यसले केही रूपमा अभिरुचि बढाउन र सघाउ पुऱ्याउन सक्ला भन्ने मैले ठानेको छु (पुरातत्त्व विभाग २०४६) ।

आठओटा भागमा प्रकाशित प्रतिवेदनको पहिलो भागमा ९ जिल्ला, दोस्रो भागमा १० जिल्ला, तेस्रो भागमा १४ जिल्ला, चौथो भागमा ७ जिल्ला, पाँचौं भागमा ५ जिल्ला, छैंटौ भागमा १० जिल्ला, सातौं भागमा ८ जिल्ला र आठौं भागमा ९ जिल्ला समेटेर ७२ जिल्लाका सांस्कृतिक सम्पदाको विवरण र परिचय प्रकाशित गरिएको छ । नेपालको सरकारी अग्रसरतामा गरिएको यो सबैभन्दा ठूलो सर्वेक्षण थियो, जसमा नेपालभरका सांस्कृतिक सम्पदाहरूको सूचीकरण र वर्गीकरण गर्ने काम भएको थियो। यसमा दुईओटा प्रत्यक्ष प्रभाव परेका छन् । पहिलो सम्पदाको अध्ययन र अनुसन्धानसँग जोडिएको विषय हो भने दोस्रो चाहिं स्थानीय वा राष्ट्रिय स्तरमा सम्पदा संरक्षणको चासोलाई अभिवृद्धि गर्ने हो ।

## विश्वसम्पदामा सूचीकरण

काठमाडौ उपत्यकाका सातओटा सांस्कृतिक सम्पदाहरू २०३६ साल कात्तिक महिनामा विश्वसम्पदाका रूपमा सूचीकृत भएका थिए। संसारमा नै विश्वसम्पदाको सूचीमा काठमाडौं उपत्यका अनुपम नमुना मानिन्छ। उपत्यकाको सानो घेराभित्र सातओटा विश्वसम्पदा छन् । यिनमा तीनओटा दरबार क्षेत्र क्रमश: वसन्तपुर दरबार क्षेत्र, पाटन दरबार क्षेत्र र भक्तपुर दरबार क्षेत्र; दुई बौद्ध स्तूप स्वयम्भू र बौद्धनाथ एवं हिन्दू मठ पशुपतिनाथ र चाँगुनारायणको मन्दिर रहेका छन् ।

काठमाडौं उपत्यका यी सात स्मारक बाहेक अरू थुप्रै सम्पदाले सम्पन्न शहर हो। यी सम्पदा ऐतिहासिक महत्त्व एवं बेजोड कलाका नमुना हुन्। यिनले काठमाडौं उपत्यकालाई संसारमा सम्पदाको शहर भनेर चिनाएका छन्।

सन् १९७५ मा गरिएको एक सर्वेक्षण अनुसार काठमाडौं उपत्यकाभित्र ८८८ ओटा अन्तर्राष्ट्रिय महत्त्वका स्मारक छन्। यीमध्ये ९४ ओटा अति विशिष्ट श्रेणीका, १५९ ओटा पहिलो दर्जाका, २४३ ओटा दोस्रो दर्जाका र ३९२ ओटा तेस्रो दर्जाका छन्। ती स्मारकमध्ये काठमाडौंमा ३६२, पाटनमा २९८, भक्तपुरमा ६२ र तीन शहरबाहिर १६६ ओटा रहेका छन् (अमात्य २०५८)। यो सर्वेक्षणको नतिजाले नेपालका ऐतिहासिक सांस्कृतिक सम्पदाबारे विश्वजनमानस र युनेस्कोले जानकारी पाए। अनि नेपालमा रहेका सम्पदाहरूले विश्वसम्पदामा सूचीकृत हुने अभियानमा राज्य र युनेस्कोको साथ पाए।

नेपालले सन् १९७८ अगस्टमा सांस्कृतिक एवं प्राकृतिक सम्पदा संरक्षण गर्न बनेको बडापत्रमा हस्ताक्षर गर्‍यो। त्यसपछि युनेस्कोको सहयोगमा सरकारले काठमाडौं उपत्यकाभित्रका सातओटा स्मारक, स्मारक क्षेत्र र स्मारक क्षेत्रभित्रका भवनहरूलाई समेटेर एउटै स्मारक क्षेत्रका रूपमा 'काठमाडौं उपत्यका'लाई विश्वसम्पदा सूचीमा दर्ता गर्न मनोनयनपत्र दाखिल गर्‍यो (अमात्य २०५८)। सन् १९७९ अक्टोबर (२०३६ कात्तिक) मा कायरोमा सम्पन्न विश्वसम्पदा समितिको बैठकले नेपालको अनुरोधलाई मान्यता प्रदान गर्‍यो।[८]

नेपाल राज्य पक्ष रहेर काठमाडौं उपत्यकाका सात संरक्षित स्मारक क्षेत्रहरू 'आउटस्ट्यान्डिङ युनिर्भसल भ्याल्यु' (उल्लेखनीय सर्वव्यापी महत्त्व) भएको प्रष्टीकरणमा लेखेको छ:

> ... सबै सात समूहका "काठमाडौं उपत्यकामा तिनीहरूका आफ्नै पुराना ऐतिहासिक कथाहरू छन्। जब केही शताब्दीमा हिन्दू र बौद्ध दर्शनको पूरै एसियामा विकास र परिवर्तन भयो, यसबाट नेपालले आफ्नो तिब्बत, चीन र भारतबीच अवस्थित अद्वितीय स्थितिबाट फाइदा

---

८ उपत्यकाका सातओटा सम्पदा विश्वसम्पदामा सूचीकृत भए पनि त्यससँग सम्बन्धित नेपाल सरकारको कुनै कार्यालय थिएन। २०५४/५५ सालमा संस्कृति मन्त्रालयमा 'विश्वसम्पदा एकाइ' गठन गरिएको थियो। त्यसको दुई वर्षपछि २०५६/५७ मा उक्त एकाइलाई पुरातत्त्व विभाग अन्तर्गत 'विश्वसम्पदा शाखा'को रूपमा स्थानान्तरण गरियो।

लिन सक्यो। इस्वीको पाँचौं शताब्दीदेखि नेपालले धार्मिक सुधार गऱ्यो, तर तिनले पन्ध्रौंदेखि अठारौं शताब्दीबीच मात्रै साँच्चै सिर्जनशील योगदान गर्न सक्यो" (ICOMOS 2006)।

काठमाडौं उपत्यकासँगै यसका स्रोत र मनोनयनका तीन आधारहरू

"पहिलो, तिनीहरू अद्वितीय र साँच्चिकै अप्राप्य छन्; दोस्रो, तिनीहरू अद्वितीय कला र सौन्दर्यका उत्कृष्ट नमुना हुन् र तेस्रो, तिनीहरू शिल्पविधिका महत्त्वपूर्ण परम्परागत शैलीका उदाहरण हुन् जुन सामाजिक-सांस्कृतिक र आर्थिक परिवर्तनका लागि संवेदनशील वा अपरिवर्तनीय पनि छन्। काठमाडौं उपत्यका गतिशील र विकासशील मुलुकको केन्द्र हो, तर पनि यो वैभवशाली सांस्कृतिक सम्पदाले सम्पन्न छ र सबै मनुष्य जातिको हितका लागि यी सम्पदाको संरक्षण गर्ने हितकारी काममा प्रतिबद्ध छ।[९]

नेपाल राज्य पक्ष रहेर सातओटा सम्पदाबारे प्रष्टीकरणसहित युनेस्को अन्तर्गत विश्वसम्पदा केन्द्रमा मनोनयन पत्र दर्ता गरिएको थियो। विश्वसम्पदामा सूचीकृत बाहेक धेरै प्राचीन महत्त्वका स्मारकहरू काठमाडौं उपत्यकामा रहेका छन्। यी सबै स्मारकहरूको व्यवस्थापनमा राज्यका कानुन र गैर-राज्यको प्रयास एकीकृत गर्नुपर्छ। पञ्चायतको तीस वर्षमा राज्यले अख्तियार गरेका कानुनले केही हदसम्म सम्पदा व्यवस्थापनलाई सम्बोधन गरेको छ भने गैर-राज्यको उपस्थितिलाई खुकुलो पार्ने प्रयास पनि गरेको छ।

## मास्टर प्लान फर द कन्जर्भेसन अफ द कल्चरल हेरिटेज इन काठमाडौं भ्याली सन् १९७७

सन् १९७५ मा नेपाल सरकारका तर्फबाट पुरातत्त्व विभागको आग्रहमा युनेस्कोले ई. एफ. सेक्लरको नेतृत्वमा आठ सदस्यीय अन्तरविभागीय समूह

९ इन्टरनेसनल काउन्सिल अफ मोनुमेन्ट एन्ड साइट (इकोमोस)को दस्तावेजबाट नेपालीमा गरिएको भावानुवाद हो। गलत ढंगले अर्थ लाग्ने भएमा त्यसका लागि अनुसन्धाता जिम्मेवार छन्।

नेपाल पठायो। त्यसका आवधिक र तुरुन्तै लागू गर्न सकिने दुईओटा उद्देश्य थिए। पहिलो, नेपाल सरकारलाई सांस्कृतिक सम्पदा संरक्षण गर्न तथा जोगाउन सहयोग गर्ने र दोस्रो, सांस्कृतिक सम्पदाको संरक्षणका लागि 'मास्टर प्लान' बनाउने (सेक्लर सन् २०००)। यो योजनाले काठमाडौं उपत्यकाका सम्पदाहरूको विद्यमान अवस्थाको सर्वेक्षण र विश्लेषण गरेको थियो। यसमा आर्थिक वा पर्यटकीय महत्त्वका दृष्टिले विश्लेषण गरिएको थियो। यो सम्पदा 'व्यवस्थापन'का लागि महत्त्वपूर्ण पक्ष हो। भौतिक विकास, पूर्वाधारको अवस्था, यातायातको पूर्वाधार तथा विद्यमान कानुनी प्रावधान आदिलाई विश्लेषणको आधार मानिएको थियो। यस योजनाले सामान्य र विशिष्टीकृत दुई किसिमका सुझाव दिएको छ।

सामान्य किसिमका सुझावमा सचेतनामूलक वा सहभागितामूलक कार्यक्रम, कलात्मक सीपको प्रवर्द्धन, पर्यटनको सकारात्मक/नकारात्मक प्रभाव सम्बन्धी जानकारी, पर्यटनका लागि प्राचीन भवनहरूको व्यवस्थापन तथा दस्तावेजीकरण गर्दा संरक्षण इन्भेन्ट्रीलाई पछ्याउने, पुरातत्त्व विभागको नाम परिवर्तन गरेर सांस्कृतिक सम्पदा विभाग बनाउने र क्षेत्र विस्तार गर्ने, विस्तृत कानुनी संरक्षण चाहिने भएकाले सांस्कृतिक सम्पदा संरक्षण ऐन ल्याउने जस्ता विषयलाई समेटिएको छ (Sekler 2000)। विशिष्टीकृत सुझावहरू स्मारक, स्मारक क्षेत्र र संरक्षित क्षेत्र सम्बन्धी छन्। स्मारक र स्मारक क्षेत्रबारे तुरुन्तै रेखांकन/वर्णनसहित राजपत्रमा प्रकाशित गर्नुपर्ने, मुख्य शहरमा भवनको उचाइ नियन्त्रण सम्बन्धी नियम ल्याउनुपर्ने, संरक्षित क्षेत्रमा नयाँ भवन निर्माण सम्बन्धी कार्यविधि अनिवार्य लागू गर्ने, आपत्कालीन उद्धार र भवन मर्मत सम्बन्धी कार्यक्रम ल्याउनुपर्ने र संरक्षणका क्रममा कुनै निजी भवन हटाउनुपर्ने वा प्राप्त गर्नु/लिनुपर्ने भएमा त्यसका लागि आवश्यक कार्यविधि पनि बनाउनुपर्ने भनेर विशिष्टीकृत सुझाव प्रस्तुत गरिएको छ (Sekler 2000)।

पञ्चायतको तीस वर्षे अवधिमा सम्पदा संरक्षणमा केही सरोकार देखाइएको थियो। पाँचओटा ऐनले अप्रत्यक्ष रूपमा सम्पदा संरक्षणका केही प्रावधान प्रस्तुत गरेका थिए्। प्राचीन स्मारक संरक्षण नियमावली जारी भई प्राचीन स्मारक संरक्षण ऐन कार्यान्वयन हुने अवस्था तयार हुनु सकारात्मक पक्ष हो। ऐन, नियमका दृष्टिले उल्लेखनीय नदेखिए पनि यस अवधिमा नेपालका सातओटा सांस्कृतिक सम्पदा विश्वसम्पदा सूचीमा सूचीकृत भएका थिए। यो पञ्चायती

शासन अवधिमा नेपालमा सम्पदा व्यवस्थापनको पक्षमा भएको सबैभन्दा ठूलो र विशेष उपलब्धि हो । यस अवधिमा अन्तर्राष्ट्रिय गैर-सरकारी संघसंस्था तथा युनेस्को जस्ता संयुक्त राष्ट्रसंघका निकायले नेपालमा सम्पदा संरक्षणमा परिणाममुखी काम गरेका थिए। राज्यका तर्फबाट पनि अन्तर्राष्ट्रिय गैर-सरकारी संघसंस्थालाई काम गर्ने वातावरण र आवश्यक सहयोग प्राप्त थियो जसको जगमा उभिएर आज धेरैजसो सम्पदा व्यवस्थापनको परिकल्पना र परियोजना निर्माण हुने गरेका छन् ।

# प्रजातन्त्रकाल (२०४६ सालपछि)

२०४६ सालको राजनीतिक व्यवस्था परिवर्तनलाई राष्ट्रिय महत्त्व दिने अभिप्रायले 'जनआन्दोलन' भन्ने गरिएको छ। 'जनआन्दोलन' नागरिकको तहमा लोकप्रिय राजनीतिक पदावली बनेको छ। यस परिवर्तनले नागरिक अधिकार र आधारभूत लोकतन्त्रका मूलभूत मान्यताहरूलाई स्थापित गर्न योगदान गरेको छ। लोकतन्त्रका नाममा समाजमा थुप्रै सपना बाँडिए। तर, नागरिकका जीविकोपार्जन लोकतन्त्रको आधारभूत विषयवस्तु हुन सक्छ कि सक्दैन भन्ने छलफलको कमी रह्यो। यहाँ 'जनआन्दोलन' पछि सम्पदा व्यवस्थापनमा राज्यले कति र कसरी (मात्रा र प्रक्रिया) अग्रसरता लियो भन्ने विषयमा चर्चा गरिएको छ। प्रजातन्त्रकालमा सम्पदा व्यवस्थापनमा गरिएका प्रयासलाई नागरिकको जीविकोपार्जनसँग जोडेर अध्ययन गर्न उपयुक्त हुन्छ। त्यसका लागि २०४६ सालपछि राज्यले जारी गरेका चारओटा ऐन, एउटा निर्देशिका, एउटा कार्यविधि र एउटा एकीकृत व्यवस्थापन संरचनाका बारेमा छलफल गरिएको छ।

## ऐन

**नगरपालिका ऐन २०४८:** ऐनको दफा १५ मा नगरपालिकाको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरिएको छ। ऐनको उपदफा १(घ) मा नगरको खानेपानी, बाढी नियन्त्रण, आँधीबेहरी, प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षण गर्न संरक्षित क्षेत्र निर्धारण गर्ने, (ङ) मा नगर क्षेत्रमा रहेका खोलानाला, कुवा, इनार, पोखरी, तालतलाउ, ढुंगेधारा आदिको पानी संरक्षण गरी सदुपयोग गराउने, (ढ) मा वातावरण संरक्षण, पुरातात्त्विक वस्तु र संस्कृतिको संरक्षण गर्ने जिम्मेवारी नगरपालिकाको हुने व्यवस्था छ।

**पशुपति क्षेत्र विकास कोष ऐन २०५०:** यस ऐनको प्रस्तावनामा 'श्री पशुपतिनाथ क्षेत्रको सुरक्षा, सम्भार र विकास गर्न तथा सर्वसाधारण जनताको

सदाचार र सुविधा कायम राख्न पशुपति विकास क्षेत्र कोष सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकाले' उल्लेख गरिएको छ । प्रस्तावनाले सम्पदाको सुरक्षा, सम्भार र विकासका लागि ऐनको परिकल्पना गरिएको प्रष्ट पार्दछ । ऐनको दफा ६ को उपदफा १.३ मा 'पशुपति क्षेत्रको प्राचीन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका वस्तु वा स्थलहरू तथा प्राकृतिक सम्पदाको सम्भार, संरक्षण र संवर्द्धन गर्न' भन्ने व्यवस्था लगायत पाँचओटा उद्देश्य ऐनमा छन् । अन्य उद्देश्यले सम्पदा संरक्षणसँग सरोकार राख्दैनन् । ऐनको दफा ८ मा पशुपति क्षेत्र विकास सञ्चालक परिषद् गठन गर्ने व्यवस्था गरेको छ । परिषद् पशुपति क्षेत्रमा रहेका सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण र विकासमा काम गर्ने अधिकार सम्पन्न समिति हो ।

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन २०५५: ऐनको प्रस्तावनामा नै धार्मिक, ऐतिहासिक र पुरातात्त्विक महत्त्वका स्थलहरूको सुरक्षा, सम्भार र विकास गर्ने उद्देश्यलाई प्रष्टसँग राखिएको छ । परिषद्का पाँचओटा उद्देश्यमध्ये दफा ५(ख) बृहत्तर जनकपुरभित्रको धार्मिक, ऐतिहासिक, पुरातात्त्विक महत्त्वका स्थानहरू र सोही क्षेत्रभित्र रहेका विभिन्न सम्पदाहरूको संरक्षण र व्यवस्थापन गर्ने, र (ग) बृहत्तर जनकपुर क्षेत्रभित्रका प्राचीन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका मठमन्दिर, सरोवर वा अन्य स्थलहरूको पहिचान, खोजी र अनुसन्धान गर्ने दुईओटा उद्देश्य सम्पदा संरक्षणसँग प्रत्यक्ष जोडिएका छन् ।

ऐनको दफा १३.१ मा परिषद्ले समयसमयमा सार्वजनिक सूचना गरी बृहत्तर जनकपुर क्षेत्रभित्र आवश्यकता अनुसार नियमित, नियन्त्रण र निषेध गर्न सक्ने व्यवस्था गरिएको छ। प्राकृतिक सम्पदा, पुरातात्त्विक, धार्मिक, ऐतिहासिक स्थलहरू, पुरातात्त्विक महत्त्वका मन्दिर र सरोवरहरूको उपयोग, प्रयोग, पहिचान, खोजी र अनुसन्धानलाई पनि नियमन गर्न सक्ने व्यवस्था गरेको छ । यस दफामा गरिएको व्यवस्था ऐनको उद्देश्यसँग परस्पर बाझिए जस्तो देखिए पनि नियमनको व्यवस्था व्यवस्थापनको अर्को महत्त्वपूर्ण पक्ष पनि हो ।

स्थानीय स्वायत्त शासन ऐन २०५५: यो ऐन स्थानीय निकायलाई जिम्मेवार र अधिकार सम्पन्न गराउने एवं जवाफदेही पनि बनाउने तथा स्थानीय निकायमार्फत जनतालाई शासन प्रक्रियामा धेरैभन्दा धेरै सहभागी गराउने उद्देश्यले जारी गरिएको हो । तैपनि यस ऐनले प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षणमा वडास्तरदेखि जिल्लास्तरसम्म जिम्मेवारी र अधिकार क्षेत्र तोकेको छ ।

ऐनको दफा २५ मा गाउँ विकास समिति अन्तर्गत वडा समितिको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ। दफा २५(ग) मा वडाभित्रको जनसंख्या, घर, जग्गा, पाटीपौवा, धर्मशाला, मठमन्दिर, मस्जिद, गुम्बा आदि देवस्थल, मदरसा, पर्ती जग्गा, पोखरी, तलाउ, इनार, कुवा, धारा आदि सार्वजनिक महत्त्वका धार्मिक तथा सांस्कृतिक स्थलहरूको लगत राख्न तथा संरक्षण गर्न गाउँ विकास समितिलाई सहयोग गर्ने प्रावधान गरिएको छ।

नगरपालिका अन्तर्गत वडा समितिको काम, कर्तव्य र अधिकार ऐनको दफा ९३ मा व्यवस्था गरिएको छ। दफा ९३(क) मा वडाभित्रको जनसंख्या, घर, जग्गा, पाटीपौवा, धर्मशाला, मठमन्दिर, गुम्बा, मस्जिद, देवस्थल, मदरसा, पर्ती जग्गा, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुंगेधारा आदिको लगत राख्न तथा संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने उल्लेख गरिएको छ। दफा ९६ मा नगरपालिको काम, कर्तव्य र अधिकार सम्बन्धी प्रावधान छ। दफा ९६(ङ) मा नगरपालिकाले संस्कृति सम्बन्धी गर्ने कामको व्यवस्था गरिएको छ। ९६(ङ)१ मा नगरपालिका क्षेत्रभित्रका सांस्कृतिक तथा धार्मिक महत्त्वका स्थानहरूको लगत तयार गरी तिनीहरूको मर्मत सम्भार गरी संरक्षण र संवर्द्धन गर्ने, गराउने र (ङ)२ मा नगरपालिका क्षेत्रभित्रका पुरातात्त्विक वस्तु, भाषा, धर्म, कला र संस्कृतिको संरक्षण, संवर्द्धन एवं प्रयोग गर्ने, गराउने व्यवस्था ऐनले गरेको छ।

ऐनको दफा १८९ ले जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरेको छ। दफा १८९(ठ) मा भाषा संस्कृति सम्बन्धी व्यवस्थामा जिल्ला विकास समितिले तीनओटा काम गर्न सक्ने व्यवस्था गरेको छ। (ठ)१ मा जिल्ला विकास क्षेत्रभित्रका सांस्कृतिक एवं धार्मिक महत्त्वका स्थानहरूको अभिलेख राख्ने र मर्मत सम्भार गराई संरक्षण र संवर्द्धन गर्ने र (ठ)३ मा जिल्ला विकास क्षेत्रभित्रका पुरातात्त्विक वस्तु, भाषा, धर्म, कला संस्कृतिको संरक्षण संवर्द्धन एवं प्रयोग गर्ने गराउने दुईओटा बुँदा सम्पदासँग सम्बन्धित छन्। यस ऐनले स्थानीय निकायमार्फत स्थानीय नागरिकलाई सम्पदा संरक्षणमा सहभागी गराउन खोजेको छ।

### अन्य व्यवस्था

काठमाडौं उपत्यकाका संरक्षित स्मारक घोषित क्षेत्रमा हुने निर्माण सम्बन्धी मापदण्ड एवं निर्देशिका २०४८ (संशोधन सहित)[१०]: यो मापदण्ड एवं निर्देशिका

१० यस निर्देशिकालाई पाटन दरबार संरक्षित स्मारक क्षेत्रमा हुने संरक्षण एवं निर्माण सम्बन्धी

" ... काठमाडौं उपत्यकाका संरक्षित स्मारक घोषित क्षेत्रहरूको ऐतिहासिक एवं वास्तुकलाको वातावरणको दुरुपयोग हुन नदिन तथा सो क्षेत्रहरूको परम्परागत शैली एवं सांस्कृतिक धरोहरको संरक्षण गर्ने, सो क्षेत्रको प्राचीनता, मौलिकता र स्वच्छ वातावरण कायम राख्ने उद्देश्यले स्मारक क्षेत्रहरूमा निर्माण हुने घर भवनहरूको निमित्त यो मापदण्ड एवं निर्देशिका बनाई लागू गरिएको छ" (पुरातत्त्व विभाग २०५४; पृ. १६)। संरक्षित स्मारक घोषित क्षेत्रमा निर्माण हुने घर वा भवनलाई व्यवस्थित गर्न यो निर्देशिका बनाइएको हो। निर्देशिकाको व्यवस्थाले संरक्षित क्षेत्रको परम्परागत शैलीलाई कायम राख्न मद्दत गर्नेछ।

निर्देशिकाको पहिलो बुँदा (१) मा भनिएको छ: यो मापदण्ड एवं निर्देशिका काठमाडौं उपत्यकाका हनुमानढोका दरबार क्षेत्र, पाटन दरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्र, चाँगुनारायण क्षेत्र, स्वयम्भूनाथ स्तूप र बौद्धनाथ क्षेत्रमा लागू हुनेछ। निर्देशिकाको बुँदा ४ मा संरक्षित स्मारक क्षेत्रमा निर्माण हुने घर भवनहरूको मापदण्ड एवं निर्देशिका सम्बन्धी व्यवस्था गरिएको छ। चौथो बुँदाको २(क) ले घर वा भवनको अधिकत्तम उचाइ ३५ फिट अग्लो हुने भनी तोकेको छ। तर नयाँ निर्माण हुने घरसँगै कुनै ऐतिहासिक एवं वास्तुकलाको दृष्टिले महत्त्वपूर्ण स्मारक रहेछ भने घर सो स्मारकभन्दा होचो हुनुपर्ने व्यवस्था छ। यसले परम्परागत शैली बाहेक सम्पदाको सुरक्षामा पनि ध्यान दिएको छ।

निर्देशिकाले घर वा भवनको गारो, झ्यालढोका, छाना, बार्दली, कार्नेस, पेटी, कौशी सम्बन्धी प्रष्ट व्यवस्था गरेको छ। यस बाहेक संरक्षित क्षेत्रभित्र आर. सी. सी. र स्टिल फ्रेम राखेर घर वा भवन निर्माण गर्न नपाइने तथा नापीको नक्सामा देखाइएको र हाल भइरहेको चोक र चोकको पेटी मास्न नपाइने व्यवस्था पनि गरेको छ। यसले परम्परागत नेपाली शैलीबारे पनि परिभाषा गरेको छ:

> परम्परागत नेपाली शैली भन्नाले घरको पेटी, कार्नेस, बलेनो, पाखा, छाना राख्नु, प्रष्टसँग देखिने गरी इँटाको गारो हुनु, काठको डन्डी भएका लामा ठाडा झ्यालहरू, काठको आँखझ्यालहरू हुनु, झिंगटीको

---

मापदण्ड २०६४ को दफा ८.१ ले खारेज गरेको छ (पुरातत्त्व विभाग २०६४ख)।

छाना हुनु, काठको रङसँग मिल्ने मात्र रङ लगाउनु, इँटाको गारोमा प्लास्टर नहुनु आदि जस्ता कुराहरूलाई सम्झनुपर्छ (पुरातत्त्व विभाग २०५४, पृ. २०)।

यो निर्देशिकाको महत्त्वपूर्ण पक्ष भनेको यसले संरक्षित क्षेत्रको प्राचीनता र मौलिकता कायम राख्न योगदान गर्नु हो। निर्देशिकाले घर वा भवनको उचाइ, त्यसको संरचना र निर्माण सामग्रीबारे पनि प्रष्ट व्यवस्था गरेको छ। यसले परम्परागत नेपाली शैलीको परिभाषा पनि गरेको छ। यो निर्देशिका राज्यको महत्त्वपूर्ण कदम हो।

**प्राचीन स्मारक संरक्षण सम्बन्धी कार्यविधि २०६४:** प्राचीन स्मारक संरक्षण सम्बन्धी सैद्धान्तिक र व्यावहारिक दुविधा हटाउन तथा प्राचीन स्मारकहरूको मौलिकता, संवेदनशीलता र प्रामाणिकतालाई अक्षुण्ण राखी संरक्षण कार्यमा हुने त्रुटि घटाउन सघाउ पुगोस् भन्ने उद्देश्यले कार्यविधि निर्माण गरिएको हो। एघारओटा भागमा विभाजित यस कार्यविधिले आजसम्म अभ्यास गरिएका तर परिभाषित नगरिएका विषयवस्तुमा पनि ध्यान दिएको छ। अन्तिम पानामा जीर्णोद्धार तथा संरक्षणका सम्बन्धमा प्राचीन स्मारक संरक्षण ऐनमा भएका व्यवस्थालाई समेटिएको छ। कार्यविधि प्राचीन स्मारक संरक्षण सम्बन्धी सिद्धान्त, प्रक्रिया र प्रविधि केन्द्रित छ।

कार्यविधिको दोस्रो भागमा संरक्षण सम्बन्धी प्रचलनमा रहेका केही शब्दावली र तिनको व्याख्या गरिएको छ। उदाहरणका लागि जीर्णोद्धार, जोगाउने कार्य, रोकथाम, पुनरुद्धार, पुनःनिर्माण, मजबुतीकरण/प्रबलीकरण आदि। तेस्रो भाग प्राचीन स्मारक संरक्षणका आधारभूत सिद्धान्तबारे छ। चौथो भागमा संरक्षणका काम गर्दा सामान्यतया अपनाउनुपर्ने कार्यविधिबारे जानकारी समेटिएको छ। पाँचौं, छैटौं, सातौं, आठौं र नवौं भागमा क्रमशः गारो, लिउन प्लास्टर, लाकाँसी, झ्यालढोका र थाम कस्तो हुनुपर्ने वा कसरी बनाउने भन्ने व्याख्या समेटिएको छ। दशौं भागमा पुरातत्त्व विभागको स्वीकृतिमा गर्न सकिने जीर्णोद्धार कार्यको विवरण दिइएको छ। अन्तिम भागमा प्रस्तावित पुरातात्त्विक लगत फर्मको नमुना राखिएको छ।

कार्यविधिको मुख्य पक्ष संरक्षणका आधारभूत सिद्धान्त हो। कार्यविधिको तेस्रो भागमा पाँचओटा सिद्धान्त प्रष्टसँग व्यवस्था गरिएको छ। क) संरक्षण कार्य गर्दा

मौलिकतासँग प्रतिस्पर्धा गर्ने खालका नक्कल र मिथ्याकरण हुनुहुँदैन। ख) संरक्षण कार्य गर्दा वास्तु वा संरचनाको मौलिक स्वरूपमा परिवर्तन गर्नुहुँदैन। ग) संरक्षण कार्य गर्दा सम्भव भएसम्म पुरानै र सम्भव नभएमा प्रयोग भएकै सामग्रीसँग मेल खाने गुण र प्रकृतिका नयाँ सामग्री प्रयोग गर्नुपर्दछ। घ) संरक्षण कार्य गर्दा मौलिक स्वरूप र पद्धतिमा सकेसम्म न्यूनत्तम हस्तक्षेप हुनुपर्दछ। ङ) संरक्षण कार्यमा प्रयोग गरिने सामग्री पछि आवश्यक परेमा हटाउन सकिने हुनुपर्दछ। त्यस्तो कार्य गर्दा मौलिकतामा प्रतिकूल प्रभाव पर्न दिनुहुँदैन। कार्यविधिको यो भागको उद्देश्य संरक्षण गर्दा स्मारकलाई थप नष्ट, भ्रष्ट हुन नदिई यथारूपमा भावी सन्ततिलाई हस्तान्तरण गर्नु हो (विभाग २०६४)। मूलतः यो कार्यविधि यसैमा व्याख्या गरिएको संरक्षण सम्बन्धी शब्दावली 'जीर्णोद्धार'मा केन्द्रित छ।

**एकीकृत व्यवस्थापन संरचना २०६४:** काठमाडौं उपत्यकाका सातओटा स्मारक क्षेत्रहरू एउटा सम्पदाका रूपमा विश्वसम्पदा सूचीमा सन् १९७९ मा सूचीकृत भए। यसको चौबीस वर्षपछि सन् २००३ मा परम्परागत स्थानीय सम्पदाको ह्रास र अनियन्त्रित विकासका कारण यी सम्पदा क्षेत्रलाई खतराको सूचीमा राखियो। राज्यले यस विषयलाई सम्बोधन गर्न विभिन्न सरोकारवाला संघसंस्था, अन्तर्राष्ट्रिय निकायसँग थुप्रै तहमा सहकार्य गऱ्यो। त्यसको उपलब्धिका रूपमा विधिमुखी एकीकृत व्यवस्थापन योजना तयार भयो, जसलाई पुरातत्त्व विभाग तथा स्थानीय निकाय र क्षेत्र व्यवस्थापकहरूको सहकार्यमा तयार गरिएको थियो (आचार्य २०६४)।

यो नेपाल राज्य पक्ष भई ग्रहण गरिएको दस्तावेज हो, जसमा एकीकृत कार्यान्वयन योजनाका रूपमा कार्यकारी दस्तावेज रहेको छ। यो विद्यमान संस्थागत, कानुनी तथा आर्थिक संरचनामा सुधार गरी सम्पदाको विश्वव्यापी महत्त्वको जगेर्ना गर्ने विधि तथा रणनीतिलाई परिभाषित गरिएको दस्तावेज हो। एकीकृत व्यवस्थापन संरचनासँगै हरेक स्मारक क्षेत्रका लागि व्यवस्थापन लघु पुस्तिका/विधि पुस्तिका र कार्यान्वयन योजना पनि बनाइएको छ।

एकीकृत व्यवस्थापन संरचनाभित्र मोटामोटी तीनओटा पक्षलाई व्यवस्थित गरिएको छ। पहिलो समस्याको निरूपण र उद्देश्य, दोस्रो एकीकृत व्यवस्थापन संरचना र तेस्रो त्यसको कार्यान्वयन पक्ष। यो दस्तावेज राज्य पक्षले काठमाडौं उपत्यकाका विश्व सम्पदालाई व्यवस्थापन गर्न तयार गरेको हो र यसले एकीकृत व्यवस्थापन योजनाको कार्यान्वयन प्रक्रियालाई परिभाषित गरेको छ।

एकीकृत व्यवस्थापन योजनाको प्राथमिक उद्देश्य विश्वसम्पदाका विश्वव्यापी महत्त्वका साथसाथै सम्पदाको स्थानीय स्तरमा मानिआएको मूल्यको जगेर्ना गर्नु पनि हो। यसो गर्दा विश्वसम्पदा क्षेत्रभित्रका समुदायको जीवनस्तर, सुरक्षा तथा आर्थिक उपादेयता/सम्भाव्यता जस्ता विषय पनि समेटिन्छन् (विभाग र केन्द्र २०६४)। यो दस्तावेजको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको स्मारक क्षेत्रभित्रका समुदायको जीविकोपार्जन, सुरक्षा र आर्थिक सम्भाव्यतालाई सम्पदा संरक्षण अभियानसँग जोड्नु हो।

एकीकृत व्यवस्थापन संरचनाले संस्थागत, कानुनी र आर्थिक संरचनाहरूलाई व्यवस्थापन उद्देश्य प्राप्त गर्ने रणनीतिका रूपमा लिएको छ। संस्थागत संरचनाभित्र विश्वसम्पदा संरक्षणका काम गर्नका लागि पुरातत्त्व विभाग केन्द्रीय निकायका रूपमा रहने व्यवस्था गरिएको छ। त्यसपछि क्रमश: स्थानीय निकाय, क्षेत्र व्यवस्थापक र स्मारक क्षेत्र रहेका छन्। कानुनी संरचनाले सम्पदा संरक्षणसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित नियम कानुनको प्रष्टीकरण गरी तिनमा निहित दोहोरो अधिकारको स्थिति र विरोधाभासलाई हटाउनुपर्ने विषयमा जोड दिएको छ। आर्थिक संरचनामा स्रोत र सहयोगलाई बृहत्तर समन्वयात्मक वित्तीय योजना बनाएर समेट्नुपर्ने भनिएको छ। कार्यान्वयनका लागि पनि राज्य पक्षले संस्थागत, कानुनी र आर्थिक संरचनाको निर्माण गर्नु पर्ने भनिएको छ।

प्रजातन्त्रकालका ऐन वा अन्य सम्पदा संरक्षण सम्बन्धी दस्तावेजले संस्थागत, कानुनी र आर्थिक संरचनालाई केन्द्रमा राखेका छन्। जीर्णोद्धार वा अन्य संरक्षण कार्यको उद्देश्य र प्रक्रियालाई बुँदागत रूपमा व्यवस्थित गरेको छ। राजनीतिक खुलापनको प्रभाव सम्पदा संरक्षणसँग जोडिएका निकाय र समुदायको सहभागितामा समेत परेको छ। स्थानीय स्वायत्त शासन ऐन र एकीकृत व्यवस्थापन संरचनाले स्थानीय समुदायलाई पनि सम्पदा संरक्षणमा सहभागी गराउने र तिनको जीवनस्तरलाई सम्पदासँग जोड्ने व्यवस्था गरेको छ।

# पाटन दरबार क्षेत्र केन्द्रित व्यवस्थापन प्रयास

यस अध्यायमा पाटन दरबार क्षेत्र केन्द्रित राज्य र गैर-राज्यको तहमा भएका प्रयासलाई समेटिएको छ। राज्यका तर्फबाट संरक्षण एवं निर्माण सम्बन्धी विभिन्न मापदण्ड, योजना तथा कार्यक्रम निर्माण र लागू गरिएका छन्। दरबार क्षेत्रभित्र सरकारी कार्यालय स्थापना गरेर राज्यले आफ्नो उपस्थिति देखाएको छ। सम्पूर्ण रेखदेखको जिम्मेवारी पनि राज्यको मातहतमा नै छ। तैपनि राज्यको उपस्थितिले दरबार क्षेत्रको पूरै व्यवस्थापनमा यथेष्ट ध्यान पुगेको छैन। गैर-राज्य क्षेत्र स्रोत र सीप लिएर दरबार क्षेत्रको व्यवस्थापनमा सहभागी छ।

## राज्यको उपस्थिति

राज्यको प्रतिनिधिको हैसियतमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अर्न्तगत 'स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय' पाटन दरबार क्षेत्रमा अवस्थित छ। यस बाहेक पाटन संग्रहालय र केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला पनि राज्यका प्रतिनिधि नै हुन्। पाटन संग्रहालय छुट्टै विकास समिति गठन आदेश २०५३ मार्फत निर्माण गरिएको स्वायत्त संस्था हो। पाटन संग्रहालय गठनको आधार 'राष्ट्रिय धातुकला संग्रहालय' हो। पाटन धातुकलाका लागि प्रसिद्ध भएकाले त्यो प्रसिद्धिलाई कायम राख्ने अवधारणा अनुरूप धातुकला संग्रहालयको स्थापना गरिएको थियो।[११]

**राष्ट्रिय धातुकला संग्रहालय**[१२]: वि.सं. २०१९ सालमा राष्ट्रिय धातुकला संग्रहालयको स्थापना भयो र २०२६ सालमा सबैका लागि खुला गरियो। संग्रहालय भनेर खुला गरिए पनि यो वास्तवमा संग्रहालयको अवधारणागत

---

११ सुरेश सुरस श्रेष्ठ र श्यामसुन्दर राजवंशीसँग गरिएको कुराकानीमा आधारित।

१२ यो खण्डका सूचना सुरेशमान लाखेसँग संवत् २०६८ फागुन ८ गते गरिएको कुराकानीमा आधारित छ।

मान्यतामा आधारित थिएन। विभिन्न मूर्ति र सांस्कृतिक महत्त्वका वस्तुहरूलाई दरबारका विभिन्न झ्यालमा सजाएर राखिएको थियो । प्रदर्शित वस्तुको धार्मिक र सांस्कृतिक महत्त्वबारे खुलाइएको थिएन। यसलाई चौकोठ दरबारमा सारियो । २०३८ सालमा अष्ट्रियन सरकारको सहयोग र नेपाल सरकारको स्वीकृतिमा संग्रहालय सर्वसाधारणका लागि बन्द गरेर थप व्यवस्थापनको काम प्रारम्भ भयो ।

राष्ट्रिय धातुकला संग्रहालय पुरातत्त्व विभाग अन्तर्गतको एउटा कार्यालय हो । अहिले पनि धातुकला संग्रहालय अन्तर्गत चौध जना कर्मचारी विकास समिति अन्तर्गत काजमा कार्यरत छन् जसमध्ये सहायक र कार्यालय सहयोगी आठ जना छन्। बाँकी खरिदार सरहका कर्मचारी छन्। यी सबै कर्मचारीले नेपाल सरकारबाट तलब पाउँछन् भने अन्य सुविधा विकास समितिले बेहोर्ने गरेको छ। कर्मचारीलाई विकास समिति अन्तर्गत मिलान गर्ने प्रयास गरिएको भए पनि प्रक्रियागत कारणले पूरा हुन सकेको छैन। धातुकला संग्रहालयको नाममा तलबी कर्मचारी भए पनि उक्त संग्रहालय भौतिक रूपमा पाटन संग्रहालय विकास समितिमा गाभिएको छ।[१३]

**पाटन संग्रहालयः** पाटन संग्रहालय विकास समितिको गठन संवत् २०५३ मा 'पाटन संग्रहालय विकास समिति (गठन) आदेश, २०५३' अन्तर्गत भएको हो। विकास समिति गठन आदेश युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको सूचनाको रूपमा २०५३ जेठ १४ गते राजपत्रमा प्रकाशित छ। संग्रहालयलाई सार्वजनिक रूपमा एक वर्षपछि मात्र खुला गरियो। विकास समिति सात सदस्यीय हुन्छ। समितिको अध्यक्ष संस्कृति मन्त्रालयको सचिव रहने व्यवस्था छ। उपाध्यक्षमा पुरातत्त्व विभागका महानिर्देशक रहन्छ। सदस्य-सचिवका रूपमा संग्रहालयको कार्यकारी निर्देशक रहन्छ। कला र संस्कृति क्षेत्रका विज्ञ वा जानकारहरूबाट एक जना महिलासहित तीन जना सदस्य र ललितपुर उपमहानगरपालिकाका कार्यकारी अधिकृत पदेन सदस्य रहने व्यवस्था छ।

---

१३ मेरी शेपर्डले प्रदर्शनका लागि वस्तुको छनौट र त्यसको परिचय लेख्ने काम तीन वर्षमा गरे। हिन्दू र बौद्ध दुई छुट्टाछुट्टै दर्शनमा आधारित वस्तुहरूको स्थापना र प्रदर्शनका लागि भित्री श्रृंगारको काम १४ वर्षमा पूरा भयो र २०५३ सालमा राष्ट्रिय धातुकला संग्रहालय तत्कालीन युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको सूचनामार्फत नयाँ संरचनामा विलीन हुन पुग्यो।

पाटन संग्रहालय विकास समिति (गठन) आदेश, २०५३ को दफा ३ मा समितिको गठन प्रक्रिया उल्लेख गरिएको छ। दफा ३ को उपदफा २ अनुसार नौ सदस्यीय समिति रहने व्यवस्था थियो जसमा पुरातत्त्व विभागका उप-महानिर्देशक अध्यक्ष रहने प्रावधान रहेको थियो। यो प्रावधानमा पहिलो संशोधन २०६४ ले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सह-सचिव अध्यक्ष रहने गरी सात सदस्यीय समितिको व्यवस्था गरेको थियो। यसमा पनि दोस्रो संशोधन २०६७ मा भयो र संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयका सचिव अध्यक्ष रहने प्रावधान छ। सात सदस्यीय समितिमा सदस्य सचिवको जिम्मेवारी संग्रहालयका कार्यकारी निर्देशकले बहन गर्ने व्यवस्था छ। संग्रहालयका केही विशेषता:

- संग्रहालय निर्माणमा (सन् १९८३ देखि १९९७) अष्ट्रियन सरकारले वित्तीय र प्राविधिक सहयोग गरेको थियो।
- संग्रहालयको अनुसार कुनै पनि सामान्य मान्छेले विना कुनै सहयोग संग्रहालय घुम्न सक्छ र उसले हिन्दू र बौद्ध दर्शनबारे जानकारी पाउन सक्छ।
- पाटन संग्रहालयका निश्चित विशेषता छन्। यहाँको ‘लाइटिङ’ र ‘क्याप्सन’ प्रणाली विशेष प्रकारको छ (Hagmuller 2003)। बत्ती र ऐनाको संयोजनबाट कुनै पनि मूर्ति वा प्रदर्शित वस्तुको पूरा रूप दर्शकले देख्न सक्छ।
- दुई सय वस्तुलाई प्रदर्शनमा राखिएको छ। अन्य सांस्कृतिक महत्त्वका नौ सय वस्तु भण्डारमा थन्किएका छन्।
- संग्रहालयको दिगोपनका लागि संग्रहालय प्रशासनले केही आम्दानीको व्यवस्था गरेको छ। आम्दानीका लागि ‘क्याफे’ सञ्चालित छ, यसबाट मासिक ६५ हजार आम्दानी हुन्छ। पसल र प्रकाशन आम्दानीको अर्को स्रोत हो। त्यस्तै टिकट बिक्रीबाट पनि धेरथोर आम्दानी हुन्छ। ‘गेष्ट स्टुडियो’ पनि सञ्चालित छ, यसलाई कुनै स्वदेशी तथा विदेशीहरूले निश्चित रकम तिरेर प्रयोग गर्न सक्छन्। संग्रहालय परिसरमा ‘काठमाण्डु कन्टेम्पोरेरी आर्ट सेन्टर’ नामक निजी ग्यालरी सञ्चालित छ, यसबाट पनि संग्रहालयको आम्दानीलाई सहयोग पुगेको छ।

उपमहानगरपालिकाले सन् २००० देखि पर्यटकलाई प्रतिव्यक्ति रु. २००/- शुल्क लिन थाल्यो जसले गर्दा संग्रहालय र ललितपुर उपमहानगरपालिकाबीचको सम्बन्ध सुमधुर छैन। संग्रहालयले आफ्नो दिगोपनका लागि क्रियाकलाप गर्न चाह्यो तर उपमहानगरपालिकाले कुनै सक्रियता देखाएन। संग्रहालय स्वायत्त संस्था भएकाले दैनिक र आवधिक कुनै पनि क्रियाकलापमा उपमहानगरपालिकाको बन्धन छैन। तर, दुई संस्थाबीचको तीतो सम्बन्धले साझेदारीमा गरिने कतिपय काममा अवरोध पुगेको छ। संग्रहालयले अहिले आफ्नो सञ्चालन खर्च आफ्नै कमाइबाट गर्न थालेको छ (*कान्तिपुर* दैनिक २०५६)।[१४]

**स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालयः** पाटन दरबार क्षेत्रमा राज्य पक्षको आधिकारिक प्रतिनिधिका रूपमा 'स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय' रहेको छ। यस कार्यालयले पाटन दरबार क्षेत्र मात्र होइन पाटनभरिका प्राचीन स्मारक र पुरातात्त्विक क्षेत्र तथा वस्तुको रेखदेख गर्ने काम गर्दछ। पाटन क्षेत्रमा हुने संरक्षण गतिविधिलाई ध्यानमा राखेर हेरचाह र रेखदेखको काम भइरहेको छ। मूलतः यस कार्यालयले सय वर्ष पुराना प्राचीन स्मारक र पुरातात्त्विक वस्तुको हेरचाह, संरक्षण र संवर्द्धनको काम गर्छ।[१५] पाटन दरबारमा काठमाडौं भ्याली प्रिजर्भेसन ट्रष्टले जीर्णोद्धारको काम गरिरहेको छ, यसको प्रगति प्रतिवेदन ३/३ महिनामा लिने र मूल्यांकन गर्ने काम पनि हेरचाह कार्यालयको जिम्मेवारीभित्र पर्दछ।

## गैर-राज्य उपस्थिति

युनेस्कोले सन् सत्तरीको दशकमा नेपाल प्रवेश गरे यता राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थाहरूले नेपालको सम्पदा संरक्षणका क्षेत्रमा योगदान गरेका छन्। यो उप-शीर्षकमा गैर-सरकारी संघसंस्थाको प्रयास र सक्रियताबारे छलफल गरिएको छ। यस्तो अभ्यासले दरबार क्षेत्रको व्यवस्थापनमा कसरी योगदान गरेको छ भन्ने कुराको आकलन गरिएको छ। पाटन दरबार क्षेत्रमा सक्रिय तीनओटा

---

१४ देवेन्द्रनाथ तिवारीसँग गरिएको अनौपचारिक कुराकानी तथा संग्रहालयमा कार्यरत सुरेशमान लाखेसँग विभिन्न अनौपचारिक भेटघाट र २०६८ फागुन ८ गते गरिएको कुराकानीमा आधारित।

१५ स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय ललितपुरका प्रमुख श्यामसुन्दर राजवंशी र इन्जिनियर ध्रुव अधिकारीसँग २०६७ मंसीर १४ मा गरिएको कुराकानीमा आधिरित।

राष्ट्रिय वा स्थानीय गैर-सरकारी संस्था र एउटा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाबारे यहाँ चर्चा गरिएको छ ।

## पाटन दरबार क्षेत्र सुधार समिति

दरबारभित्रको क्षेत्र सरकारी निकायले हेरचाह गरिरहेको थियो। तर, दरबारबाहिरको क्षेत्र कसले हेर्ने? यो प्रश्न पाटनका स्थानियवासीसँग थियो। साँच्चि, दरबारबाहिरको क्षेत्र कसले हेर्ने ? स्थानीय समुदायले, सरकारले वा गैर-सरकारी संघसंस्थाले ? यस्तै दुविधामा रहेको बेला २०५७ सालदेखि ललितपुर उपमहानगरपालिकाले पर्यटकहरूसँग कर पनि लिन थाल्यो। नगरपालिकाको यो निर्णयले स्थानीयवासीमा अझ सक्रियताको महसुस गरायो । अनि स्थानियवासीले भन्न थाले करबाट उठेको रकमलाई दरबार क्षेत्रबाहिरको सम्पदा र खुला स्थलको संरक्षणमा पनि उपयोग गर्नुपर्छ । यो अभियानलाई नेतृत्व गर्न तथा व्यवस्थित गर्न अधिकार सम्पन्न समिति आवश्यक छ भन्ने माग उठ्यो । नगरपालिकाका कर्मचारी पदमलाल महर्जनको नेतृत्वमा २०६६ असार २१ गते विधिवत् रूपमा 'पाटन दरबार क्षेत्र सुधार समिति' नामक अनौपचारिक संस्थाको गठन भयो ।[१६] सुधार समितिमा सरकारी, गैर-सरकारी र समुदायमा आधारित सत्रओटा संस्था आबद्ध हुन पुगे ।

अनौपचारिक संस्थाको रूपमा भए पनि यसले स्थानीय स्तरमा मान्यता पाएको छ। सुधार समितिमा सरकारी कार्यालय ललितपुर उपमहानगरपालिका, पुरातत्त्व विभाग ललितपुर, स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय र प्रहरी प्रभाग मंगलबजार रहेका छन्। राष्ट्रिय र अन्तर्राष्ट्रिय दुई प्रकारका गैर-सरकारी संस्था पनि यसका सदस्य छन्। यिनमा राष्ट्रिय अन्तर्गत ललितपुर उद्योग वाणिज्य महासंघ, ललितपुर हस्तकला संघ, थ्रि स्टार क्लब, पाटन पर्यटन विकास संस्था र ललितपुर युवा समूह छन्। अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था काठमाडौं भ्याली प्रिजर्भेसन ट्रष्ट सुधार समितिको सदस्य रहेको छ । सामुदायिक संस्थाहरू बौद्ध विहार संघ ललितपुर, ज्यापू समाज, मंगल टोल सुधार समिति, हरवा टोल सुधार समिति, होगल टोल सुधार समिति,

१६ कुनै पनि सरकारी निकायमा दर्ता नगरिए पनि पाटन उपमहानगरभित्र पाटन दरबार क्षेत्रको सन्दर्भमा सबैभन्दा शक्तिशाली समितिको रूपमा क्रियाशील वा निर्णयकारी भूमिका निर्वाह गरिरहेको संस्था भएकाले अनौचारिक भनिएको हो ।




**तस्बिर ३ः पाटन संरक्षित क्षेत्र। स्रोतः काठमाडौं भ्याली (नेपाल) नं. १२१ आरईभी**

महापाल टोल सुधार समिति र ल्याकु मंका समिति यसका सदस्य छन्।[१७]

समितिले शुरुमा दुईओटा कामबाट आफ्नो अभियानलाई अगाडि बढायो। पहिलो सरसफाइ र दोस्रो सुरक्षा सम्बन्धी काम गऱ्यो। प्रत्येक महिनाको १ गते स्थानीय आमा समूहको नेतृत्वमा सरसफाइ हुने गरेको छ। दरबार क्षेत्रको सुरक्षाका लागि ललितपुर उपमहानगरपालिकाले नगर प्रहरी नियुक्त गरेको छ। भौतिक पूर्वाधार निर्माणमा पनि यो समिति क्रियाशील छ। समितिको नेतृत्वमा 'सोलार प्रोजेक्ट' सञ्चालित छ। छओटा सोलार बत्तीबाट यो परियोजना शुरु भएको थियो। आर्थिक वर्ष २०६७/६८ को बजेटबाट ललितपुर उपमहानगरपालिकाले परियोजनाका लागि पचास लाख छुट्यायो र त्यसबाट दुई सय सोलार बत्ती जडान भइसकेको छ। बत्ती जडानको काम पाटन दरबार क्षेत्र पुग्ने छओटा नाकाहरूमा भएको छ। पुल्चोक, लगनखेल, बालकुमारी, ग्वार्को, पाटनढोका

---

१७ पाटन दरबार क्षेत्र सुधार समितिका अध्यक्ष बाबुराजा बज्राचार्यसँग २०६८ फागुन १९ गते गरेको कुराकानीमा आधारित।

र कुम्भेश्वरबाट मंगलबजारसम्म छओटा बाटामा परियोजना अन्तर्गत सोलार बत्ती जडान भइसकेका छन् ।

**डी–रोपः** यो संस्थाको पूरा नाम 'डेस्टिनेसन रुट अफ पिपुल अन अर्थ' र छोटकरीमा 'डी-रोप' हो। यो संस्थाले पाटन दरबार क्षेत्रभित्र थंथ छें बाटिका/कृष्ण उद्यानको व्यवस्थापन गरेको छ । संस्थाको 'ग्रीन प्रोजेक्ट' नामको परियोजना अन्तर्गत बगैंचा निर्माण गरिएको हो । यो उद्यान भएको ठाउँमा पहिले फोहर फालिन्थ्यो, मानिसहरु दिसापिसाब गर्थे। यसलाई व्यवस्थापन गरेर बगैंचा बनाउन सकिने ठानेर 'डी-रोप'ले 'सोसल इनिसिएटिभ विथ कल्चरल एण्ड हिस्टोरिकल इम्पोर्टेन्स' नारा दिएर दरबार क्षेत्रको वातावरण सफा राख्नलाई उद्यान बनायो। यस बगैंचाले दरबार क्षेत्रको एउटा भागलाई सुन्दर र सफा राखेको छ ।[१८]

**चिल्ड्रेन फर ग्रीन न्यु नेपालः** यो संस्थाले 'पाटन दरबार स्क्वायर फ्लावर प्रोजेक्ट' नामको परियोजना सञ्चालन गरेको छ। 'ब्युटिफाइङ द सिटी, क्रिएटिङ ग्रीन फ्युचर' नारा दिएर स्कूल र कलेजका विद्यार्थीलाई यो परियोजनामा स्वयम्सेवकको रूपमा परिचालन गरिएको छ। संस्थाको 'फ्लावर प्रोजेक्ट' दरबार क्षेत्रको वातावरण स्वच्छ राख्ने उद्देश्यले सञ्चालन गरिएको हो । वातावरण परियोजनाका लागि 'टुगेदर फर बेटर एन्भाइरन्मेन्ट' भन्ने नारा तय गरिएको छ। यो 'फ्लावर प्रोजेक्ट' दरबार क्षेत्रभित्र रहेको मणिहिटीमा केन्द्रित छ। यस बाहेक विद्यार्थीलाई परिचालन गरेर दरबार क्षेत्रभित्र सरसफाइको काम पनि संस्थाले गरिरहेको छ ।[१९]

**काठमाडौं भ्याली प्रिर्जभेसन ट्रष्टः** सन् १९९० अप्रिल ९ मा नेपालीहरू बहुदलीय प्रजातन्त्र पुनःस्थापना र स्वतन्त्रता प्राप्त गरेको दिन धूमधामसँग मनाइरहेका थिए। त्यही दिन काठमाडौंभन्दा धेरै टाढा अमेरिकाको म्यासाचुसेट्समा 'काठमाडौं भ्याली प्रिजर्भेसन ट्रष्ट' नामको संस्था स्थापना गर्न हस्ताक्षर भइरहेको थियो । ई. एफ. सेक्लरको नेतृत्वमा गठन भएको यस संस्थाले अन्तर्राष्ट्रिय अभियानका लागि मोटामोटी दुईओटा उद्देश्यहरू निर्दिष्ट गरेका थिए । पहिलो उद्देश्य काठमाडौं उपत्यका वरिपरिको क्षेत्र र संसारभरिका नयाँ पुस्ताका लागि काठमाडौं उपत्यकाका सम्पदाको संरक्षण हेतु विकास, प्रवर्द्धन, संयोजन तथा

---

१८ संस्थाका सदस्य रवि दर्शनधारीसँग सन् २०११ जून ३० मा गरिएको कुराकानीमा आधारित।

१९ संस्थाका सदस्य विजय प्रजापतिसँग सन् २०११ अगस्ट २१ मा गरिएको कुराकानीमा आधारित ।

निश्चित क्रियाकलाप र रणनीति निर्माणमा योगदान गर्ने र दोस्रो काठमाडौं उपत्यकाका संस्कृति जर्गेना गर्न अमेरिका र बाँकी संसारका नागरिकलाई सहभागी बन्न उत्प्रेरित गर्ने थियो (Sekler 2000) ।

ट्रष्टले सन् १९९१ मा सानो बजेट (२८०० अमेरिकी डलर) बाट आफ्नो काम शुरुवात गरेको थियो । सन् ९० को दशकको अन्त्यसम्ममा १४ ओटा परियोजनाका लागि ३,३६,००० अमेरिकी डलर खर्चेको थियो । यो अवधिका अधिकांश परियोजना पाटन केन्द्रित थिए । पछिल्लो समयमा पनि ट्रष्ट पाटन दरबारको जीर्णोद्धार कार्यमा सक्रिय रहेको छ। ट्रष्टको अति महत्त्वाकांक्षी मानिएको 'रेस्टोरेसन अफ द पाटन रोयल प्यालेस कम्प्लेक्स' परियोजनाको अन्तिम चरणमा काम भइरहेको छ । यो परियोजना औपचारिक रूपमा सन् २००७ मा शुरु भए पनि यसको तयारी र लगानी खोज्ने/जुटाउने काम त्यसभन्दा पहिलेदेखि नै भएको थियो । ट्रष्टको आफ्नो नियमित आयस्रोत नभएकाले लगानी जुटाएर काम गर्ने परम्परा छ ।

ट्रष्टको अहिलेको परियोजना पाटन दरबार क्षेत्रको मूल चोक र सुन्दरी चोकमा केन्द्रित छ । भण्डारखालमा रहेको पोखरीको काम सम्पन्न भइसकेको छ । परियोजना अन्तर्गत ६ करोड रुपैयाँभन्दा बढी लगानी गरिसकेको ट्रष्टले एक पल्टमा एउटा मात्र परियोजनामा केन्द्रित हुने नीति लिएको छ । राज्यसँग अनुमति लिएर काम शुरु गरिन्छ र परियोजना सञ्चालन गर्न गठित कार्यसमितिको अध्यक्ष पुरातत्त्व विभागको महानिर्देशक रहने व्यवस्था छ। त्यस बाहेक स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालयले परियोजनाको सुपरीवेक्षण र मूल्यांकन गर्ने व्यवस्था छ जसले संरक्षण कार्यको संवेदनशीलता र पारदर्शिता कायम राख्न सहयोग गरेको छ। अहिलेको परियोजना अन्तर्गत मूलतः भवन जीर्णोद्धार (रेस्टोरेसन) को काम भइरहेको छ ।[२०]

स्वदेशी गैससहरू दरबारबाहिरको सम्पदा र खुला स्थलको संरक्षण एवं उपयोगमा केन्द्रित छन् । विदेशी संस्था दरबारको भित्री क्षेत्रमा क्रियाशील छन् । दरबारको भित्री क्षेत्र, त्यसको सांस्कृतिक र पुरातात्त्विक महत्त्व एवं संवेनशीलताका दृष्टिले सरकारको नियन्त्रण हुनुपर्ने हो। तर, 'काठमाडौं भ्याली प्रिजर्भेसन ट्रष्ट'

२० काठमाडौं भ्याली प्रिजर्भेसन ट्रष्टका नेपालस्थित कार्यक्रम निर्देशक रोहित रञ्जीतकारसँग विभिन्न समयमा गरिएको कुराकानीमा आधारित ।

लामो समयदेखि सम्पदा संरक्षणको क्षेत्रमा काम गरिरहेका विज्ञहरूको समूह भएकाले यस विषयले खास अर्थ राख्दैन। अहिले ट्रष्टले 'बिल्डिङ रेस्टोरेसन'को मात्रै काम गरिरहेको छ।[२१]

राज्यका निकाय वा कार्यालयको उपस्थिति र सम्पदा संरक्षणमा भूमिका प्रशासकीय एकाइका रूपमा सीमित छ। गैर-राज्यको तहमा स्वदेशी संघसंस्थाको भूमिका सम्पदाभन्दा सार्वजनिक खुला स्थलमा केन्द्रित छ। यिनीहरूले गरेका कामको मूल्यांकन गर्ने बेला भइसकेको छैन। एउटा मात्र विदेशी संस्था 'काठमाडौं भ्याली प्रिर्जभेसन ट्रष्ट' पाटन दरबार क्षेत्रमा सक्रिय छ। यस ट्रष्टले लामो समयदेखि संरक्षणको क्षेत्रमा गरिरहेको साझेदारी, सम्पदा संरक्षणप्रतिको निष्ठा, संरक्षण क्षेत्रको अनुभव, लगानी जुटाउन सक्ने हैसियत र सार्वजनिक छविले निर्माण गरेको विश्वासका आधारमा ट्रष्टले दरबारको जीर्णोद्धार गर्ने जिम्मेवारी पाएको हो।

## योजना र व्यवस्थापकीय अग्रसरता

पाटन दरबार क्षेत्र सन् १९७९ मा विश्वसम्पदामा सूचीकृत भएको प्राचीन स्मारक हो। विश्वसम्पदाको मापदण्डलाई अक्षुण्ण राख्न प्राचीन स्मारक संरक्षण ऐन २०१३ (संशोधनसहित) को दफा ३(१) अनुसार २०४१ साउन १५ गते 'पाटन दरबार संरक्षित क्षेत्र' घोषणा भएको थियो (अमात्य २०५८ र विभाग २०६४ख)। यो घोषणाले समेटेको क्षेत्रभित्र अति महत्त्वपूर्ण स्मारक एवं स्मारक क्षेत्रहरू छुटेकाले युनेस्कोले सन् १९९३ मा दिएको सुझाव र पाटन संरक्षण र विकास आयोजनासमेतले प्रस्ताव गरेकाले २०५३ चैत २७ गते पाटन दरबार संरक्षित स्मारक क्षेत्र घोषित पुरानो सूचना खारेज गरी नयाँ चार किल्लासहितको सूचना राजपत्रमा प्रकाशित गरियो (अमात्य २०५८) (हेर्नुहोस् तस्बिर ३)।

पाटन दरबार संरक्षित क्षेत्रभित्र थुप्रै महत्त्वपूर्ण स्मारक रहेका छन्। दरबारभित्रका किसी चोक, केशवनारायण चोक, नासल चोक, मूल चोक, सुन्दरी चोक र द्विमाजु चोक मुख्य चोक हुन्। शिखर शैली र छाने शैलीका मुख्य मन्दिरहरू कृष्ण मन्दिर, हरिशंकर मन्दिर, नारायण मन्दिर, नरसिंह

---

२१ रोहित रञ्जीतकारसँग गरिएको कुराकानीमा आधारित।

मन्दिर, उमामहेश्वर मन्दिर, गरुडनारायण मन्दिर, इखलखु गणेश मन्दिर, हखा गणेश मन्दिर, शिव मन्दिर, क्वालखु गणेश मन्दिर, स्वथनारायण मन्दिर, अर्ध नारीश्वर मन्दिर, पटुको मन्दिर, मणिकुमार गणेश मन्दिर, भीमसेन मन्दिर, विश्वनाथ, चारनारायण, जगन्नाथ, वामन अवतार, इखालखु भैरव र तिँछुगणेश मन्दिर प्रमख हुन् । बहाल र विहारमा नाग बहाल, हिरण्यवर्ण महाविहार, मणिमण्डप महाविहार, जिनवर्ण महाविहार, हौगल बहाल, जोम बहाल, इवहाँ वही र ज्यावहिल मुख्य छन् । नाग बहाल हिटी, मणीहिटी, लक्ष्मी महारानीहिटी र जलद्रोणी ढुंगेधारा प्रख्यात छन्। मणिमण्डप, लामपाटी जस्ता सत्तल र पाटी तथा भण्डारखाल, कमलपोखरी, ठूलो घण्टा, मुछैं आगन आदि पनि महत्त्वपूर्ण स्मारक हुन् (अमात्य २०५८) । छरिएर रहेका प्राचीन स्मारक तथा पुरातात्त्विक महत्त्वका वस्तु र क्षेत्रको व्यवस्थापनका लागि पाटन दरबार संरक्षित स्मारक क्षेत्रमा हुने संरक्षण एवं निर्माण सम्बन्धी मापदण्ड २०६४ जारी भएको छ ।

**पाटन दरबार संरक्षित स्मारक क्षेत्रमा हुने संरक्षण एवं निर्माण सम्बन्धी मापदण्ड २०६४:** पाटन दरबार संरक्षित स्मारक क्षेत्रलाई तोकेर त्यहाँ हुने संरक्षण एवं निर्माण सम्बन्धी मापदण्ड जारी गरिएको छ । प्रस्तावनामा नै संरक्षित क्षेत्रभित्रका प्राचीन स्मारक र अन्य सम्पदाको संरक्षण गर्ने उद्देश्यले मापदण्ड जारी गरी लागू गर्नुपर्ने सन्दर्भलाई प्रष्टसँग उल्लेख गरिएको छ:

> ... पाटन दरबार संरक्षित स्मारक क्षेत्रको ऐतिहासिक एवं वास्तुकलात्मक वातावरण संरक्षण एवं व्यवस्थापनका साथै यस क्षेत्रमा रहेका प्राचीन स्मारक एवं अन्य सम्पदाहरू र तिनीहरूको महत्त्वलाई संरक्षण गर्नका लागि पुरातत्त्व विभागले उक्त ऐनको दफा ३ को उपदफा (६) प्रयोजनका लागि यो मापदण्ड तयार गरी लागू गरेको छ (पुरातत्त्व विभाग २०६४ख) ।

संवत् २०६४ साउन २१ गतेदेखि लागू भएको यो मापदण्डले चारओटा पक्षलाई समेटेको छ। पहिलो, वर्गीकृत घर भवनहरूको संरक्षण एवं मरम्मत सम्भारका लागि मापदण्ड; दोस्रो, खाली जग्गामा बनाइने एवं वर्गीकरणमा नपरेका घर भवनहरूका पुनर्निर्माणका लागि मापदण्ड; तेस्रो, सुधार गर्ने घर भवनहरूका




**तस्बिर ४:** ***कान्तिपुर*** **दैनिक सोमबार १८ वैशाख २०६९ पृ. १९ बाट लिइएको**

लागि मापदण्ड र चौथो, अन्य विकास निर्माण सम्बन्धी मापदण्ड (पुरातत्त्व विभाग २०६४ख) ।

**पाटन दरबार स्क्वायर स्मारक क्षेत्रका लागि व्यवस्थापन लघु पुस्तिका/विधि पुस्तिका २०६४:** पछिल्लो अवधिमा नेपाल राज्य पक्ष र विश्वसम्पदा केन्द्रको संयुक्त प्रयासमा निर्मित एकीकृत व्यवस्थापन संरचनाको एउटा पक्षका रूपमा विधि पुस्तिका सार्वजनिक भएको छ। यो पुस्तिका पाटन दरबार संरक्षित स्मारक क्षेत्रका क्षेत्र व्यवस्थापनका लागि विधि पुस्तिका हो।[२२] यसले स्मारक क्षेत्रको परिभाषा वा विवरण सम्बन्धी सूचना दिनुका साथै उक्त क्षेत्रको व्यवस्थापनका लागि संस्थागत, कानुनी र आर्थिक संरचनाबारे विस्तृत व्याख्या गरेको छ। यस विधि पुस्तिकालाई उक्त क्षेत्रको दैनिक व्यवस्थापन र कार्यान्वयन योजनाको वार्षिक समीक्षा र परिमार्जनका लागि पनि प्रयोग गर्नु पर्नेछ। व्यवस्थापन विधि पुस्तिका कम्तीमा हरेक पाँच वर्षमा समीक्षा गरी परिमार्जन गर्नु पर्नेछ (विभाग र केन्द्र २०६४ख)।

यस विधि पुस्तिकाले व्यवस्थापनका उद्देश्य र रणनीतिलाई विश्व सम्पदा

२२ पाटन दरबार संरक्षित स्मारक क्षेत्रका लागि क्षेत्र व्यवस्थापक भन्नाले विश्वसम्पदा शाखा (पुरातत्त्व विभाग), स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय र ललितपुर उप-महानगरपालिकालाई बुझाउँछ।

क्षेत्रभित्रका समुदायको जीवनस्तर, सुरक्षा तथा आर्थिक उपादेयता/सम्भाव्यतासँग जोड्नुपर्ने विषयलाई उठाएको छ। यो सम्पदा व्यवस्थापनको पछिल्लो महत्त्वपूर्ण अवधारणा हो। यस पुस्तिकाले व्यवस्थापनका उद्देश्य प्राप्त गर्न चारओटा रणनीति एकीकृत व्यवस्थापन, संस्थागत संरचना, कानुनी संरचना र आर्थिक संरचना प्रस्ताव गरेको छ।

एकीकृत व्यवस्थापन अन्तर्गत काठमाडौं उपत्यकाका स्मारकहरूको एकीकृत व्यवस्थापनमा जोड दिइएको छ। संरक्षणको साझा विधि अपनाउनुपर्ने र समन्वयात्मक कार्यसमितिका माध्यमबाट सहयोगको वातावरण तयार गर्नुपर्ने विषय उठाइएको छ। संस्थागत संरचनाले प्रत्येक स्मारक क्षेत्रका लागि व्यवस्थापकको पहिचान गरेर एकीकृत व्यवस्थापन योजना तथा वार्षिक कार्ययोजनाको समन्वय, निरीक्षण, समीक्षा तथा कार्यान्वयन गर्ने/गराउने अधिकार दिनुपर्ने भनेको छ। कानुनी संरचनाले क्षेत्र व्यवस्थापकलाई अधिकार हस्तान्तरण गर्ने र प्रत्येक स्मारक क्षेत्र अनुरूपको कानुनी प्रावधान बनाउने तथा तिनको कार्यान्वयन प्रक्रिया तोक्नुपर्ने विषयलाई पनि यसले समेटेको छ। आर्थिक संरचनाले स्मारक क्षेत्रको व्यवस्थापनमा लाग्ने प्रशासनिक खर्च सम्बन्धित निकायले बेहोर्ने र संरक्षण एवं जीर्णोद्धार परियोजनाका लागि छुट्टै रणनीति बनाउनुपर्ने औंल्याएको छ।

यस विधि पुस्तिकामा प्रथम पञ्चवर्षीय कार्यतालिका पनि समाविष्ट छ। यसको विस्तृत व्याख्या चाहिं पाइँदैन। एकीकृत व्यवस्थापन योजनाको कार्यान्वयनलाई पाँच वर्षको चक्रमा पूरा गरिने योजनाको रूपमा विधि पुस्तिकाले स्वीकार गरेको छ। प्रथम पञ्चवर्षीय तालिका अनुसार पहिलो एकीकृत व्यवस्थापन योजनाको अवधि २०६४ असार मसान्तबाट शुरु भई २०६९ असार मसान्तमा समाप्त हुन्छ। यसको अवधि समाप्तिसँगै समग्र समीक्षा गरी आवश्यक परिमार्जन गर्नुपर्ने व्यवस्था छ।

पाटन दरबार क्षेत्रमा पहिलो सहयोग अष्ट्रियन सरकारले गरेको थियो। सन् १९८० मा ई. एफ. सेक्लरले नेपाल सरकारलाई 'अर्वानिस्टिक कन्जर्भेसन अफ पाटन (ललितपुर) दरबार स्क्वायर एज अ मोनुमेन्ट जोन' शीर्षकमा एउटा प्रस्ताव गरे। सेक्लरको प्रस्तावका लागि अष्ट्रियन सरकारले ४६,००० अमेरिकी डलर सहयोग प्रदान गऱ्यो। यो सहयोगले पाटन दरबारको केशवनारायण चोकमा संग्रहालय निर्माणको काम गरियो। यसरी शुरु भएको राज्य र गैर-राज्यको सहयोग विभिन्न चरण र स्वरूपमा पाटन दरबार क्षेत्रले प्राप्त गरेको थियो र यो क्रम अहिले पनि जारी छ।

## नागरिक अभ्यास

सन् १६३६ मा पाटनका राजा सिद्धिनरसिंह मल्लले प्रसिद्ध कृष्ण मन्दिरको निर्माण गरेका थिए (अमात्य २०५८)। यो मन्दिरको सन् १६३७ मा उद्‌घाटन गर्दा राजाले पुरोहितलाई मन्दिर परिसरमा ४० दिनसम्म हरेक दिन सय सुनका मोहर वितरण गरेका थिए (लेभी सन् २००७)। कृष्ण मन्दिरको निर्माणपछि पनि लामो समयसम्म यस मन्दिरको परिसरमा कुनै सार्वजनिक महत्त्वको भेला वा जमघट हुन सकेन। २०१४ सालसम्म पनि कृष्ण मन्दिर पाटनबाहिर चर्चित थिएन। त्यो वर्ष राजा महेन्द्र कृष्णाष्टमीका दिन यहाँ आएर पूजा गरेपछि यसबारे रेडियोमा समाचार आयो, *गोरखापत्र*ले लेख्यो, बल्ल यसले देशभरि चर्चा पायो। बाहिरबाट पनि मान्छे दर्शन गर्न आउन थाले (आचार्य २०६८)। तर, अहिले राजाले निर्माण गर्ने र राजाले चलन चलाउनुपर्ने हाम्रा समाजका पुराना आग्रह परिवर्तन भएका छन् र नागरिकको तहमा नै यस्ता खुला स्थलहरूको उपयोग र सिर्जना प्रारम्भ भएको छ।

नागरिक अभ्यासका थुप्रै उदाहरण छन्। यस्तो अभ्यासले खास गरेर दरबार क्षेत्रको उपयोग र यसको सांस्कृतिक महत्त्वलाई नागरिकबीच प्रचार र प्रवर्द्धनमा योगदान गरेको हुन्छ। यस क्षेत्रमा परम्परागत मछिन्द्रनाथको रथयात्रा लगायत विभिन्न जात्रा हुन्छन्। पछिल्लो चरणमा तीजको कार्यक्रम पनि भव्य रूपमा हुन थालेको छ। तीजको कार्यक्रम खुला राजनीतिक वातावरणले राजधानीमा बढाएको बसाइँसराइको प्रभाव र त्यसको उपज हो। तीसको दशकमा सीमित संख्यामा महिलाहरू कुम्भेश्वर र कृष्ण मन्दिरमा भेला हुन्थे तर अहिले सयौं महिलाले दिनभर तीजको गीत गाउने र नाच्ने गरेका छन्।[२३]

पाटन दरबार क्षेत्रको प्रयोगलाई लिएर नागरिक अभ्यास र उपस्थिति पछिल्लो चरणमा व्यापक भएको छ। सडक नाटक, सांस्कृतिक कार्यक्रम, नागरिक समाजका कोणसभा आदि भइरहन्छन्। यस्ता कार्यक्रममध्ये २०६८ साल भदौ ३० देखि असोज १ गतेसम्म आयोजित 'काठमाडौं लिटरेरी जात्रा'लाई एउटा उदाहरणका रूपमा लिन सकिन्छ। यो कार्यक्रम पाटन संग्रहालयको केशवनारायण चोकमा सम्पन्न भएको थियो। यस जात्राका लागि पाटन दरबार क्षेत्र नै किन छानिएको भन्ने प्रश्नमा एक जना कार्यक्रम संयोजकले भने:

---

२३ बाबुराजा बज्राचार्यसँग संवत् २०६८ फागुन १९ गते गरिएको कुराकानीमा आधारित।

> 'यो प्राचीन सम्पदाहरूमा सबैभन्दा उत्तम नमुना हो । नागरिकको हैसियतमा हामी पनि यसको उपयोग गर्न सक्छौं । सम्पदा संरक्षणमा पनि योगदान हुन सकोस् । दरबार क्षेत्र फरक प्रकारको सम्पदा भएकाले यसको उपयोग पनि फरक तरिकाले नै गरौं । 'सफ्ट इभेन्ट' गर्न सकिने ठाउँ भएकाले र खासमा हामीलाई नै मन परेकाले पनि यो ठाउँ छानिएको हो । सहभागीहरूले पनि मन पराए ।'[२४]

स्मारक क्षेत्रभित्र हुने/गरिने कार्यक्रमहरूले सम्पदाको संरक्षण र स्थानीय समुदायको जीविकोपार्जनमा पनि योगदान गर्छन् । 'काठमाडौं लिटरेरी जात्रा' जस्ता कार्यक्रमले सार्वजनिक स्थलको उपयोग रहर मात्रै होइन अधिकार पनि हो भन्ने प्रष्ट पारेको छ । यस कार्यक्रमले सार्वजनिक स्थलको उपयोग सिर्जनाका लागि हो भन्ने सन्देश पनि दिएको छ र यति बेला सम्पदा संरक्षणमा नागरिक चासो पनि बढेको छ । *कान्तिपुर* दैनिकमा प्रकाशित 'दौडौं, हाम्रो सम्पदाको जीर्णोद्धारको लागि' अभियानको विज्ञापन नागरिक सरोकारको पछिल्लो उदाहरण हो (हेर्नुहोस् तस्बिर ४) ।

---

२४ प्रणवमान सिंहसँग २०६९ वैशाख १५ गते गरिएको टेलिफोन वार्तामा आधारित ।

# निष्कर्ष

ऐनहरूको पूरापूर कार्यान्वयन गर्ने हो भने सांस्कृतिक सम्पदाको संरक्षण गर्न सकिन्छ (नेपाल सन् २००४)। विद्यमान ऐन कानुन संस्कृति संरक्षण गर्न प्रभावकारी छैनन् (राज २०५३)। अघिल्लो निष्कर्ष भीम नेपालले सातओटा ऐन र एउटा नियमावलीको आधारमा निकालेका हुन् भने दोस्रो निस्कर्ष योगेश राजले दुईओटा ऐन र एउटा मापदण्डका आधारमा निकालेका हुन्। एघारओटा ऐन, सर्वेक्षण प्रतिवेदन, नियमावली, 'मास्टर प्लान', मापदण्ड तथा निर्देशिका, कार्यविधि, एकीकृत संरचना र विधि पुस्तिका तथा संस्थागत अध्ययन र विश्लेषणको निष्कर्षमा तीनओटा कुरा प्रष्टसँग भन्न सकिन्छ। पहिलो, दरबार क्षेत्रहरू 'सार्वजनिक स्थल'का रूपमा राज्यको कुनै नीति तथा कार्यक्रमले स्वीकार गरेका छैनन्। 'सार्वजनिक स्थल'बारे पनि राज्य र गैर-राज्यको तहमा प्रष्टता छैन। 'सार्वजनिक स्थल'लाई हरेकले आफ्नै किसिमले बुझेका छन्। तर, दरबार क्षेत्र इतिहासदेखि नै सार्वजनिक रूपमा उपयोग भइरहेका छन्।

दोस्रो, प्राचीन स्मारकहरूको संरक्षणमा राज्यले संस्थागत संरचना निर्माण र कानुनी व्यवस्था गर्ने काम सन् १९५० को दशकमा थालेको थियो। संवत् २००७ देखि २०१७ सालको राजनीतिक संक्रमणको समयमा पुरातत्त्व विभाग र प्राचीन स्मारक संरक्षण ऐन जस्ता आधारभूत नीति र संरचना तयार भएका थिए। तर, ऐनको कार्यान्वयनका लागि आवश्यक नियमावली ३३ वर्षपछि मात्र बन्यो, यो राज्यको चरम उदासीनता हो। पञ्चायतको ३० वर्षमा काठमाडौं उपत्यकाका सातओटा स्मारक विश्वसम्पदामा सूचीकृत हुने बाहेक उल्लेख्य केही पनि भएन। समानान्तर ऐनमा सम्पदा संरक्षणका एक-दुई बुँदा समेटिएको छ। प्रजातन्त्रकालमा सम्पदाका क्षेत्रमा काम कम भएको छ, तर चासो बढेको छ। 'संरक्षण'को अवधारणा फेरिएर 'व्यवस्थापन' भएको छ। तैपनि संरक्षण शब्द अमूर्त छ। तीन कालखण्डको पहिलो खण्ड संरचना तयारी,

दोस्रो संरक्षणको प्रयास र तेस्रो संरक्षणलाई उपयोगसँग जोड्न गरिएको प्रयत्न भनेर बुझ्दा कालक्रमिक दृष्टिमा सकारात्मक विकास हो।

तेस्रो, इतिहासमा पाटन दरबार क्षेत्रभित्र सैनिक प्रवेश कहिल्यै गरेनन्, यसको सोझो अर्थ दरबार क्षेत्र स्थानीय समुदायका लागि सधैं खुला थियो। वि.सं. २०३६ सालमा पाटन दरबार क्षेत्र विश्वसम्पदामा सूचीकृत गर्नमा राज्यको सकारात्मक भूमिका थियो। राज्य र गैर-राज्य दुवैको तहमा पाटन दरबार क्षेत्रमा अहिले भइरहेका सबै काम पर्यटकीय उपभोगका लागि हो। पाटन दरबार क्षेत्रप्रति स्थानीय सरोकार र सहभागिता बढेको छ। तर, दरबार क्षेत्रलाई सार्वजनिक स्थलका रूपमा बुझ्ने र दाबी गर्ने काम गैर-राज्य वा नागरिकको तहमा अहिलेसम्म भएको छैन।

# सन्दर्भसामग्री


अमात्य, साफल्य। २०५८। विश्वसम्पदा: काठमाडौं उपत्यका। काठमाडौं: हेरिटेज नेपाल।

आचार्य, कोषप्रसाद। २०६४। पूर्वोक्ति: एकिकृत व्यवस्थापन संरचना। काठमाडौं: पुरातत्त्व विभाग र विश्व सम्पदा केन्द्र।

आचार्य, मनोज। २०६८। काठमान्डु कथा: बुद्धाचार्य शाक्य। *नागरिक* दैनिक (अक्षर), भदौ ३१।

काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ www.lawcommission.gov.np बाट लिइएको।

*कान्तिपुर* दैनिक। २०५६। स्वायत्त भएपछि पाटन संग्रहालय आत्मनिर्भर। १३ कात्तिक, पृ. १।

*कान्तिपुर* दैनिक। २०५६। पर्यटक शुल्क, भक्तपुरपछि अब ललितपुरमा। २५ मंसिर, पृ. १।

*कान्तिपुर* दैनिक। २०६९। दौडौं, हाम्रो सम्पदाको जीर्णोद्धारको लागि (विज्ञापन)। १८ वैशाख, पृ. १९।

गुठी संस्थान ऐन, २०३३ www.lawcommission.gov.np बाट लिइएको।

जोशी, सत्यमोहन। २०४३। सांस्कृतिक सम्पदा संरक्षण: एक चुनौती। काठमाडौं: नेपाल सांस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षण संघ।

तिवारी, सुदर्शनराज। २०४९। काठमाडौंको सहरीकरण: भविष्य विनाको परम्परा ?। *हिमाल,* पृ. ९२-९५। ललितपुर: हिमाल एसोसिएसन।

थापा, सूर्य। २०६४। राजतन्त्रको अर्थराजनीति। काठमाडौं: नवयुग प्रकाशन प्रा.लि.।

नगर पञ्चायत ऐन, २००७ www.lawcommission.gov.np बाट लिइएको।

नगरपालिका ऐन, २०४८ www.lawcommission.gov.np बाट लिइएको।

नगर विकास ऐन, २०४५ www.lawcommission.gov.np बाट लिइएको।

नागरिक दैनिक। २०६९। उपत्यका प्राधिकरणमा स्थापित। वैशाख १६, पृ. १।

पशुपति क्षेत्र विकास कोष ऐन, २०५० www.lawcommission.gov.np बाट लिइएको।

पुरातत्त्व विभाग। २०४२। सांस्कृतिक सम्पदाको प्रारम्भिक सर्वेक्षण प्रतिवेदन २०४१/२०४२। काठमाडौं: पुरातत्त्व विभाग।

पुरातत्त्व विभाग । २०४६ । सांस्कृतिक सम्पदाको प्रारम्भिक सर्वेक्षण प्रतिवेदन २०४५/२०४६ । काठमाडौं: पुरातत्त्व विभाग ।
पुरातत्त्व विभाग। २०५४। काठमाडौं उपत्यकाका संरक्षित स्मारक घोषित क्षेत्रमा हुने निर्माण सम्बन्धी मापदण्ड एवं निर्देशिका – २०४८ (संशोधनसहित)। काठमाडौं: पुरातत्त्व विभाग ।
पुरातत्त्व विभाग । २०६४क । प्राचीन स्मारक संरक्षण सम्बन्धी कार्यविधि-२०६४ । काठमाडौं: नेपाल सरकार ।
पुरातत्त्व विभाग। २०६४ख। पाटन दरबार संरक्षित स्मारक क्षेत्रमा हुने संरक्षण एवं निर्माण सम्बन्धी मापदण्ड, २०६४ । काठमाडौं: नेपाल सरकार ।
पुरातत्त्व विभाग। २०६५ । प्राचीन स्मारक संरक्षण ऐन, २०१३। काठमाडौं: नेपाल सरकार ।
पुरातत्त्व विभाग र विश्व सम्पदा केन्द्र। २०६४ । पाटन दरबार स्क्वायर स्मारक क्षेत्र व्यवस्थापन लघु पुस्तिका/विधि पुस्तिका । काठमाडौं: पुरातत्त्व विभाग र विश्व सम्पदा केन्द्र ।
पुरातत्त्व विभाग र विश्व सम्पदा केन्द्र। २०६४ । एकीकृत व्यवस्थापन संरचना । काठमाडौं: पुरातत्त्व विभाग र विश्व सम्पदा केन्द्र ।
प्राचीन स्मारक संरक्षण नियमावली, २०४६ www.lawcommission.gov.np बाट लिइएको।
बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ www.lawcommission.gov.np बाट लिइएको ।
मिश्र, चैतन्य । २०६२ । पुँजीवाद र नेपाल । काठमाडौं: मूल्यांकन प्रकाशन गृह प्रा.लि. ।
राज, योगेश। २०५३। संस्कृति संरक्षण सम्बन्धी ऐन तथा प्रस्तावनामा कमजोरीहरू। पासूका, मंसिर पृ. १-३। भक्तपुर: सुथां।
लुम्बिनी विकास कोष ऐन, २०४२ www.lawcommission.gov.np बाट लिइएको ।
लेभी, सिल्भाँ । सन् २००७। नेपाल: हिन्दू अधिराज्यको इतिहास (दोस्रो खण्ड)। ललितपुर: हिमाल किताब ।
शाक्य, मंगलमान। २०५३। नासिँदै छन् हाम्रा सम्पदा शनैः शनैः। *हिमाल,* कात्तिक-मंसिर, पृ. ८-१४ । ललितपुर: हिमाल एसोसिएसन ।
श्री ५ को सरकार: युवा, खेलकुद तथा संस्कृति मन्त्रालय। २०५३ । पाटन संग्रहालय विकास समिति (गठन) आदेश। खण्ड ४६, संख्या ७, नेपाल राजपत्र भाग ३, मिति २०५३/२/१४, काठमाडौं ।
श्रेष्ठ, विजयलाल। २०४९। पाटन: रौनक हराएको शहर। *हिमाल,* पृ. २०-२५ । ललितपुर: हिमाल एसोसिएसन ।
स्थानीय प्रशासन ऐन, २०२८ www.lawcommission.gov.np बाट लिइएको ।
स्थानीय स्वायत्त शासन ऐन, २०५५ www.lawcommission.gov.np बाट लिइएको ।
Bjonness, Hans Christie. 1998 . 'A Cultural Heritage Conservation Strategy in

the Context of Urban Development: The Case of Kathamandu'. *Ancient Nepal,* Vol. 141:1-24, pp 1-24. Kathmandu : Department of Archaeology.

Carless, Tonia. 2009. 'Reclaiming Public Space : A Critical Architecture'. In 'Proceedings of the Conference held at the University of Brighton', 2-4 July.

Hagmuller, Götz. 2003. *Patan Museum: The Transformation of a Royal Palace in Nepal*. London : Serindia Publications.

ICOMOS. 2006. *Kathmandu Valley* (Nepal), No 121 rev.

Landon, Perceval. 2007. *Nepal*, Volume I & II. Delhi : Rupa Co.

Nepal, Bhim. 2004. 'Existing Legislation for Heritage Conservation and its Challenges for Implimentation'. Technical Workshop for the Conservation of the Kathmandu Valley World Heritage Property in Danger, 3-7 May.

Sekler, E.F. n.d. 'Use of Collective Space in Patan and other historic towns of the Kathmandu Valley, Nepal'. Unpublished document.

Sekler, E. F., Raymond Allchin, Paul Borel, Chamras Chayabongse, Corneille Jest, Friedrich Kussmaul, Hanna S. Saba and Christopher Tunnard. 1977. 'Master Plan for the Conservation of the Cultural Heritage in Kathmandu Valley'. Unpublished Report.

Sekler, Edward F. 2000. *20th Century Historic Conservation in the Kathmandu Valley and International Assistance in Historic Perspective*. UNESCO : World Heritage Center.

Sorensen, Andre, Hideki Koizumi and Ai Miyammoto. 2009. 'Machizukuri, Civil Society and Community Space in Japan'. In *The Politics of Civil Space in Asia: Building Urban Communities*, edited by Amrita Daniere and Mike Douglass. Abingdon and New York: Routledge

Tiwari, Sudharshan Raj. 1999. 'Kathmandu Valley Urban Capital Region and Historical Urbanism Historical Environment management: Lessons from History'. Unpublished paper presented to 13th Biennial Conference of Association of Development Research and Training Institutes of Asia and the Pacific (ADIPA), on the theme of 'Managing Asia-Pacific Mega Cities: Policies to Promote Sustainable Urban Development in the 21st Century', 29 November to 1 December.

Veer, Peter Van der. 1996. 'Riots and Rituals: The Construction of Violence and Public Space in Hindu Nationalism'. In *Riots and Pogroms*, edited by Paul R. Brass. New York and London: Macmillan Press.

## Baha Occasional Papers

I: *Political Parties of Nepal* by Krishna Hachhethu, 2006

II: *Views from the Field: Anthropological Perspectives on the Constituent Assembly Elections* by David Holmberg, Judith Pettigrew and Mukta Singh Tamang and introduced by David Gellner, 2009

III: *Geographical Education and Research in Nepal* by Jagannath Adhikari, 2010

IV: *Nepal History as World History* by Bernardo A. Michael

V: *Masculinity and Mimicry: Ranas and Gurkhas* by Sanjeev Uprety

VI: *The Stigma of the Name: Making and Remaking of Dalit Identity in Nepal* by Amar Bahadur BK

Download from www.soscbaha.org/publications/download.html.

**रमेश राई** भूगोल विषयमा स्नात्तकोत्तर हुन्। काठमाडौंमा क्रियाशील अनुसन्धान संस्थाहरूमा आबद्ध भई उनले राजनीति, शहर र आदिवासी जनजातिबारे अनुसन्धान गरेका छन्। अहिले उनी स्वतन्त्र रूपमा अनुसन्धान गरिरहेका छन्।

हिमाल किताब

9 789937 597265